# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०		संख्याः ०३		मितिः २०८३।०१।०४

## भाग-२

**सम्बत् २०८३ सालको कार्यविधि नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **“Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३”** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ

# Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३

**प्रस्तावनाः** विद्यालय शिक्षाको पाठ्यक्रमले निर्धारण गरेका सक्षमताहरू हासिल गर्दै विद्यार्थीलाई सामाजिक मूल्य मान्यतामा आधारित संस्कारयुक्त, मर्यादित जीवनयापन सहित भविष्यको लागि तयार गराउन आवश्यक ज्ञान, सीप, अभिवृत्तिको विकास गर्न सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम माछापुच्छ्रे गाउँपालिकाले यो Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३ जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३ रहेको छ ।(२) यो निर्देशिका माछापुच्छ्रे गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) **"अतिरिक्त क्रियाकलाप"** भन्नाले विद्यार्थीमा अन्तर्निहित क्षमता प्रष्फुटन, पहिचान र विकासका लागि सम्बन्धित तह वा कक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समावेश विषयवस्तुका अतिरिक्त सञ्चालन गरिने अन्य क्रियाकलाप सम्झनु पर्दछ ।

ख) **"जीवनोपयोगी सीप"** भन्नाले सरल र सहज ढङ्गले जिउनका लागि आवश्यक पर्ने सीपहरू सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले माछापुच्छ्रे गाउँपालिका, कास्कीलाई सम्झनु पर्दछ।

घ) **"विद्यालय"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ङ) **"समिति"** भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

च) **"सहकार्यकलाप"** भन्नाले सम्बन्धित तह वा कक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूमा समावेश भएका विषयवस्तुमा आधारित विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि गरिने क्रियाकलापहरू सम्झनु पर्दछ।

छ) **"क्रियाकलाप"** भन्नाले अनुसूची-२ मा उल्लिखित क्रियाकलाप सम्झनु पर्दछ ।

३. **लक्ष्य एवम् उद्देश्यः** विद्यालयले सञ्चालन गर्ने क्रियाकलापहरूलाई मार्गदर्शन तथा सहजीकरण गर्ने लक्ष्य लिइएकाले सो प्राप्तिका लागि यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछन् :

क) समय तालिका निर्माणमा विद्यालयलाई सहजीकरण गर्ने

ख) सम्भावित सहकार्यकलाप तथा अतिरिक्त क्रियाकलाप सिफारिश गर्ने

ग) थप क्रियाकलाप निर्माणका लागि सहजीकरण गर्ने

घ) क्रियाकलाप सञ्चालन प्रक्रियाका आधारहरू तयार गर्ने ।

## परिच्छेद-२
## कार्यान्वयन तथा व्यवस्थापन प्रक्रिया

४. **कार्यान्वयन :** यो निर्देशिकाको कार्यान्वयन तथा व्यवस्थापन माछापुच्छ्रे गाउँपालिकाको सहजीकरणमा विद्यालयले गर्नेछ।

५. **स्रोत व्यवस्थापन :** स्रोत व्यवस्थापन आवश्यकता अनुसार विद्यालय, माछापुच्छ्रे गाउँपालिका एवं निजी तथा गैरसरकारी संस्थासँग साझेदारीमा पनि गर्न सकिनेछ।

६. **क्षमता विकासः** निर्देशिका कार्यान्वयनका लागि आवश्यकता अनुसार शिक्षकको क्षमता विकास गरिनेछ।

७. **पाठ्यक्रमसँगको सम्बन्धः**

क) अनुसूची-१ मा उल्लेख भएका विषयहरू पाठ्यक्रमसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् ।

ख) अनुसूची-२ मा सम्भावित सहकार्यकलाप तथा अतिरिक्त क्रियाकलापहरू मिश्रित रुपमा समावेश गरिएका छन् ।

ग) अनुसूची-२ मा उल्लेख भएका सहकार्यकलापहरू पाठ्यक्रमसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् । अतिरिक्त क्रियाकलापहरू पहिचान गरी पाठ्यक्रमसँग अन्तरसम्बन्धित गराई सञ्चालन गर्नुपर्नेछ ।

घ) अनुसूची-१ तथा अनुसूची-२ मा सिफारिश गरिएका क्रियाकलापहरू सम्भावित नमूना क्रियाकलापहरू मानिनेछन् । विद्यालयले आफ्नो स्थानीय आवश्यकता अनुसार सिफारिश गरिएका क्रियाकलापहरू छनौट तथा आवश्यक परिमार्जन र थप क्रियाकलापहरू निर्माण गरी सञ्चालन गर्न सक्नेछन् ।

८. **क्रियाकलापहरूको समूह र विषयक्षेत्रः**

क. **क्रियाकलापहरुको समूहः** विद्यार्थीको उमेर, क्षमता र आवश्यकताका आधारमा विद्यालयले सञ्चालन गर्नुपर्ने सहकार्यकलाप तथा अतिरिक्त क्रियाकलापहरू कक्षागत रुपमा समूह बनाई देहाय बमोजिम एकिकृत गरिएका छन् । सबै विषय र क्षेत्रका विषयवस्तुलाई समान महत्वका साथ सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

क. आधारभूत तहका विद्यार्थीहरूका लागि

ख. माध्यमिक तहका विद्यार्थीहरूका लागि

ग. अपाङ्गता भएका विद्यार्थीका लागि

घ. प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीका लागि

ख. **Friday For Future कार्यक्रम देहायका विषयक्षेत्रमा सम्बन्धित रही सञ्चालन गर्न सकिनेछ।**

अ. भाषा क्षेत्रः अङ्ग्रेजी र नेपाली

आ. सामाजिक क्षेत्रः सामाजिक मूल्य र मन्यता, अर्थशास्त्र, जनसङ्ख्या तथा वातावरण, भूगोल, ईतिहास

इ. गणित क्षेत्र

ई. विज्ञान तथा प्रविधि क्षेत्र

उ. अपाङ्गता भएका विद्यार्थीहरूका लागि क्रियाकलापको क्षेत्र

ऊ. प्राविधिक तथा व्यावसायिक विषय क्षेत्र

## परिच्छेद-३
## जिम्मेवारी

९. निकायगत जिम्मेवारीः

१) निर्देशिका कार्यान्वयनका लागि माछापुच्छ्रे गाउँपालिकाको जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि वार्षिक कार्ययोजना निर्माण र स्रोत पहिचान तथा परिचालन गर्न विद्यालयको क्षमता विकास गर्ने,

ख) विद्यालयमा प्रयोगात्मक क्रियाकलाप सञ्चालनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

ग) स्थानीय स्तरमा सञ्चालित उद्योगहरूसँग समझदारी कायम गरी विद्यालयहरूका कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने,

घ) विद्यालय र विद्यार्थीका क्रियाकलापहरूको मूल्याङ्कन गरी वार्षिक रुपमा प्रोत्साहन तथा पुरस्कार प्रदान गर्ने,

ङ) पहिचान भएका विद्यार्थीहरूमा अन्तर्निहित क्षमताको थप विकासका लागि आवश्यक संस्थागत संरचना तयार गर्ने,

च) माछापुच्छ्रे गाउँपालिकामा सञ्चालित प्राविधिक विषय सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालय र साधारण धार सञ्चालन भएका विद्यालयबीच सहकार्य गर्ने वातावरण सृजना गर्ने,

छ) माछापुच्छ्रे गाउँपालिकाले आवश्यकतका आधारमा थप कार्यहरू गर्ने,

२) निर्देशिका कार्यान्वयनका लागि विद्यालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) क्रियाकलाप सञ्चालनको वार्षिक योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

ख) तपसिल बमोजिमको Friday for Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

अ. विद्यालयले तोकेको अतिरिक्त क्रियाकलाप संयोजक-अध्यक्ष

आ. विव्यसले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित २ जना अभिभावक सदस्य

इ. विद्यालयको लैङ्गिक सम्पर्क बिन्दु वा सूचना अधिकारी - सदस्य

ई. स्थानीय कलाकार वा सफल व्यवसायी वा रोजगारदाता आदिमध्ये विव्यसले मनोनित गरेका १ जना -सदस्य

उ. शिक्षा, स्वास्थ्य, वातावरणका क्षेत्रमा काम गर्ने संघ संस्थामध्येबाट वि.व्यसले तोकेका १ जना -सदस्य

ऊ. प्रधानाध्यापकले तोकेका २ जना छात्र र २ जना छात्रा गरी ४ जना - सदस्य

ए. प्रधानाध्यापकले तोकेको शिक्षक -सदस्य सचिव

तर विद्यालयमा शिक्षक सङ्ख्या कम रहेको अवस्थामा विद्यालयमा मौजुदा शिक्षकबाट आवश्यकता अनुसार व्यवस्था गर्न सकिनेछ ।

३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) शैक्षिक सत्र भरी सञ्चालन हुने क्रियाकलापको सूची निर्धारण गरी शैक्षिक सत्र सुरु भएको १५ दिनभित्र सबै अभिभावकलाई लिखित रुपमा जानकारी गराउने,

ख) स्थानीय स्तरमा रहेका सरकारी कार्यालय, संघ संस्था, रोजगारदाता, समूह, क्लबहरूसँग समन्वय गरी विद्यालयका गतिविधिहरूसँग जोड्दै विज्ञ सेवा प्राप्त गर्ने,

ग) वार्षिक प्रतिवेदन तयार गरी माछापुच्छ्रे गाउँपालिकामा पेश गर्ने ।

४) निर्देशिका कार्यान्वयनका लागि शिक्षकको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) क्रियाकलाप सञ्चालनको लागि विद्यालयको समन्वयमा कार्य तालिका निर्माण गर्ने,

ख) अनुसूची-२ का सम्भावित नमूना क्रियाकलापका अतिरिक्त थप क्रियाकलाप निर्माण गरी सञ्चालन गर्ने,

ग) कार्यक्रम सञ्चालनको अभिलेख तयार गर्ने,

घ) विद्यालयको प्रधानाध्यापक समक्ष कार्यक्रम सञ्चालनको प्रतिवेदन पेश गर्ने,

ङ) विद्यार्थीहरूमा अन्तर्निहित क्षमताको पहिचान गरी उपयुक्त मञ्च उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

च) आवश्यकता अनुसार सरोकारवालासँग समन्वय गर्ने ।

छ) क्रियाकालप सञ्चालनका लागि आवश्यक सामग्री एवम् स्रोत व्यक्तिहरूको पहिचान गरी उपलव्धताका लागि विद्यालय सम्बन्धित निकाय समक्ष लिखित रुपमा पेश गर्ने ।

५) निर्देशिका कार्यान्वयनका लागि अभिभावकको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) विद्यालयमा सञ्चालन हुने क्रियाकलापका बारेमा जानकारी हासिल गर्ने,

ख) क्रियाकलाप सञ्चालन गर्न आफ्ना बालबालिकाका लागि आवश्यक स्रोत सामग्रीको व्यवस्था गर्ने,

ग) क्रियाकलाप सञ्चालनको अवलोकन गरी रचनात्मक सुझावहरू दिने,

घ) स्रोत व्यवस्थापन गर्नका लागि विद्यालयलाई सहयोग गर्ने ।

## परिच्छेद ३

## विविध

१०. **समीक्षा र परिमार्जनः** निर्देशिकाको समसामयिक समीक्षा गरी विद्यालय र सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरी आवश्यकताका आधारमा परिमार्जन गरिनेछ ।

११. **मापदण्ड बनाउन सक्नेः** यस निर्देशिका बमोजिम क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि यस निर्देशिकाको परिधिमा रही विद्यार्थीको क्षमता विकास हुने गरी विद्यालयले आवश्यकता अनुसार मापदण्ड बनाउन सक्नेछ।

## अनुसूची -१

**विद्यालयले प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरू:**

१) दैनिक जीवनका व्यवहार कुशल सीपहरूको विकासका साथै व्यक्तिगत, विद्यालय, समुदाय र सम्पदाको सरसफाई,

२) ज्येष्ठ नागरिकसँग छलफल-जेष्ठ नागरिकसँग सम्बन्धित संघसंस्थामा लगेर वा ज्येष्ठ नागरिकका अनुभव र ज्ञानलाई विद्यालयमा नै प्रस्तुत गर्न लगाएर,

३) समुदायमा रहेका सामाजिक संघसंस्था परिचय - संघसंस्थामा लगेर वा संघ संस्थाका प्रतिनिधि विद्यालयमा बोलाएर अन्तरक्रिया गर्ने गराउने,

४) धार्मिक सहिष्णुता विकाससँग सम्बन्धित क्रियाकलाप-स्थानीय परिवेशमा प्रचलित नाचगान, झाँकी, चाडपर्व, मेला मनाउने साथै त्यस्ता क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागि गराउने ।

५) सामाजिक सञ्जालको प्रयोग, साइबर अपराध, विद्युतीय दुर्घटना, बैङ्किङ कसुरजस्ता विषयमा सम्बन्धित क्षेत्रका विज्ञहरू आमन्त्रण गरी अभिभावक समेतको सहभागितामा प्रयोगात्मक अभ्यासहरू समेत हुने गरी कार्यक्रम आयोजना गर्ने,

६) प्राकृतिक प्रकोप र यसबाट बच्ने उपायहरू सम्बन्धमा स्थलगत भ्रमण गर्ने, डकुमेन्ट्री देखाउने, विज्ञहरू समेतबाट कक्षा सञ्चालन गर्ने,

७) स्थानीय रैथाने सीपहरूको प्रबर्द्धन- स्थानीय सीपहरू र गण्डकी प्रदेशमा भएका रैथाने सीपहरूको पहिचान गरी सम्बर्द्धन तथा प्रवर्द्धनका लागि स्थानीय आमा समूह, क्लव, सामुदायिक वन समूह, बाजा समूह जस्ता संघसंस्थाहरूसँग समन्वय गरी विद्यालय र समुदायमा क्रियाकलाप सञ्चालन,

८) दैनिक जीवन र आय आर्जनका लागि उपयोगी सीपहरूको विकास- कपाल काट्ने, कपडा सिलाउने, परिकारहरू पकाउने, धार्मिक क्रियाकालपमा चाहिने वस्तुहरू (जस्तैः दुना, टपरी, धुप,ज्योति बनाउने) निर्माण गर्ने, केश श्रृङ्गार गर्ने, फर्निचर मर्मत गर्ने, रङ लगाउने, काठमा बुट्टा बनाउने, गारो लगाउने साथै स्थानीय आवश्यकतामा आधारित अन्य क्रियाकलापहरू सञ्चालन गर्ने,

९) पर्यावरण संरक्षणः पर्यावरण संरक्षणका लागि स्थानीय आवश्यकतामा आधारित विषयवस्तु पहिचान गरी क्रियाकलाप सञ्चालन गर्ने,

१०) जुनियर रेडक्रस सर्कल, स्काउट, बालक्लब आदि गठन तथा परिचालन सम्बन्धी कार्यहरू गर्ने,

११) विद्यार्थीको शारीरिक तथा आत्मिक विकास सम्बन्धी क्रियाकलापहरू संचालन गर्ने,

१२) राष्ट्र, राष्ट्रियता, भाषा, परम्परा, संस्कृतिप्रति सकारात्मक सोचका साथ गौरव महशुस गराउने खालका क्रियाकलाप गर्ने ।

१३) विभिन्न विषय क्षेत्रमा विद्यार्थीहरूलाई लघु अनुन्धानहरू गर्न, अनुसन्धान प्रतिवेदनहरू प्रस्तुत गर्न, अनुसन्धानले सिफारिश गरेका विषयहरू समुदाय तथा विद्यालयमा लागु गर्न सहयोग पुऱ्याउने ।

१४) आफ्नो टोल छिमेक र घरमा खेर जाने सामग्रीहरूको पुन प्रयोग, प्रशोधन गरी विभिन्न सामग्रीहरू निर्माण गरी आय आर्जन गर्न सकिन्छ भन्ने धारणा विकास गर्न अभ्यास गराउने ।

१५) स्थानीय परिवेश अनुसार कौशी खेती, जडिबुटी प्रयोग गरी कीटनाशक औषधी बनाउने जस्ता अभ्यासहरू सञ्चालन गराउने ।

१६) विद्यार्थीको रुचि अनुसार समूह बनाइ रोबर्ट, AI प्रविधिको विकासका लागि प्रोत्साहित गरी क्रियाकलाप सञ्चालन गराउने ।

१७) माछापुच्छ्रे गाउँपालिकाको शिक्षा क्षेत्रको योजनाले निर्देशित गरेका विषय कार्यान्वयनका लागि माछापुच्छ्रे गाउँपालिकाले निर्धारण गरेका थप क्रियाकलापहरू सञ्चालन गर्ने गराउने ।

## अनुसूची-२
## सम्भावित विषयगत सहकार्यकलाप तथा अतिरिक्त क्रियाकलाप

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| क्र.स. | क्रियाकलापको नाम | उद्देश्य | विधि / प्रक्रिया |
| १ | हस्त लेखन | सफा र शुद्ध लेखन सीपको विकास | कक्षा अनुसार शब्द, अक्षर, वाक्य र अनुच्छेदहरू अनुलेखन वा श्रुति लेखन वा स्वतन्त्र लेखन गराउने |
| २ | तहगत पढाइ प्रतियोगिता | पठन सीप विकास | कक्षा अनुसार अक्षर शब्द, वाक्य र अनुच्छेद सश्वर वा मौन पठन गर्न लगाई मूल्याङ्कन गर्ने |
| ३ | शब्दलेखन / Scrabble | शब्द भण्डार वृद्धि गर्ने | बोर्ड वा इन्टरनेटको माध्यमबाट खेल खेलाउने |
| ४ | क्षेत्र भ्रमण ( Field visit ) पश्चात अनुभव अनुभव /प्रतिवेदन प्रस्तुत गर्ने | लिखित तथा मौखिक अभिव्यक्ति क्षमताको विकास | क्षेत्र भ्रमण गराई व्यक्तिगत वा समूहगत निर्धारित ढाँचामा सूचना संकलन गर्न र प्रतिवेदन तयार गर्न लगाउने तयार भएको प्रतिवेदन प्रस्तुत गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने आवश्यकता अनुसार सहजीकरण गर्ने |
| ५ | भित्तेपत्रिका प्रकाशन | योजना निर्माण क्षमताको विकास | विद्यार्थी निर्मित लेख रचना तथा आवश्यक सूचनाहरू समावेश गरी विद्यालयको बालक्लब परिचालन गरी प्रकाशन गर्ने |
| ६ | वक्तृत्वकला | कक्षा अनुसार निश्चित विषयवस्तु/शीर्षकमा आफ्नो विचार अभिव्यक्त गर्न सक्ने | पूर्व/ स्वस्थलमा विषयवस्तु/शीर्षक दिएर संचालन गर्न सकिने |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| क्र.स. | क्रियाकलापको नाम | उद्देश्य | विधि / प्रक्रिया |
| ७ | नाटक मन्चन | अभिनयात्मक क्षमताको विकास | तहगत तथा कक्षागत रुपमा विद्यार्थीहरूलाई तयारी गर्न लगाई गराउने |
| ८ | हिज्जे प्रतियोगिता | कक्षा अनुसार विषय वस्तुसँग मिल्ने शब्द भण्डार क्षमताको विकास गर्ने | तहगत तथा कक्षागत प्रतिस्पर्धा गराउने |
| ९ | श्रुतिलेखन | कक्षा अनुसार विषय वस्तुसँग मिल्ने शब्द भण्डार क्षमताको विकास गर्ने | तहगत तथा कक्षागत प्रतिस्पर्धा गराउने |
| १० | कबिता लेखन/बाचन | सिर्जनात्मक क्षमताको विकास | निश्चित शीर्षक दिएर वा स्वतन्त्र रुपमा कविता रचना गराई वाचन गर्न लगाउने (साना कक्षामा अनुच्छेदन लेखन ) |
| ११ | लघु कथा लेखन | सिर्जनात्मक क्षमताको विकास | निर्देशित , शीर्षक , बूँदा , शुरुको वाक्य , अन्तिमको वाक्य / स्वतन्त्र |
| १२ | तहगत , विषयगत सिकाइ सामाग्री निर्माण | लेखाइ तथा सृजनात्मक सीपको विकास | शीर्षक र विषयवस्तु अनुसार समुह विभाजन गरी सामाग्री निर्माण अभ्यास तथा प्रतियोगिता सञ्चालन |
| १३ | अनुभव वर्णन (लिखित तथा मौखिक) | लेखाइ तथा बोलाइ | लघु भ्रमण गराएर, कुनै घटना वा परिस्थिति अवलोकन गर्न लगाएर आदि |
| १४ | समीक्षा लेखन | समालोचनात्मक क्षमताको विकास | लेख, रचना, चलचित्र आदि अध्ययन गरी समालोचनात्मक टिप्पणी लेखाई प्रस्तुत गर्न लगाउने |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| १५ | अन्ताक्षरी खेल कक्षागत | शब्द भण्डारको वृद्धि | कक्षागत वा तहगत रुपमा संचालन |
| १६ | बिज्ञसँग अन्तरक्रिया, प्रश्न सोध्ने | बोलाइ र सुनाइ सीपको विकास | विभिन्न क्षेत्रका विज्ञहरूलाई बोलाई वा निजको कार्यस्थलमा लगी अनुभव सुनाउने र अन्तरक्रिया गराउने |
| १७ | चांडपर्व ,संस्कृति ,मेला ,उत्सव को मौखिक तथा लिखित बर्णन तथा प्रतियोगिताहरू | अभिव्यक्ति क्षमताको विकास | चाडपर्वहरूको अध्ययन अवलोकन गराई तिनको पृष्ठभूमि, प्रचलन, सांस्कृतिक महत्व समावेश गरी लिखित वा मौखिक रुपमा प्रस्तुत गर्न लगाउने |
| १८ | जीवनी लेखन : बिद्यार्थी , अभिभावक ( बुवा आमा , हजुर बुवा , हजुर आमा आदि ) शिक्षक | | प्र. अ. तथा विभिन्न क्षेत्र ( साहित्य , खेलकुद , चिकित्सा , समाजसेवा, कला आदिमा सफलता प्राप्त गरेका व्यक्तिहरूको जीवनीको खाका (तह अनुसार) |
| १९ | दैनिकी लेखन | लेखन सीपको विकास | ( कक्षागत ) मेलापर्व , चांडपर्व , जन्मदिन , विद्यालयको पहिलो दिन , बार्षिकोत्सवको दिन , शैक्षिक /लागु भ्रमणका दिनहरू |
| २० | दैनिक कार्यतालिका निर्माण | लेखाइ सीपको विकास | (सामान्य दिन/ बिदाका दिन) समय व्यवस्थापन जस्तै बिहान उठ्ने समय, खेल्ने समय, पढ्ने समय आदि |
| २१ | कथा वाचन प्रतियोगिता | | सुनेका , पढेका , बढी मन परेका लघु कथा वाचन ( प्रार्थना र कक्षा दुवैमा गर्न सकिने ) |
| २२ | स्मरण खेल | अभिव्यक्ति सीपको विकास | शब्द तह , बोधात्मक प्रश्न-उत्तरको तहमा |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| २३ | जनचेतना सम्बन्धी पम्पलेट , समाचार , पोष्टकार्ड , संदेशमुलक कार्टुन | लेखन सीपको विकास | कक्षा /तहगत रुपमा आवश्यकता र सन्दर्भ अनुसार चार्ट पेपर , कलर , गम आदि । |
| २४ | कार्ड लेखन | लेखाइ सीपको विकास | शुभकामना, निमन्त्रणा, बधाई, समाचार, विज्ञापन, श्रद्धाञ्जली लेखन प्रतियोगिता |
| २५ | वादविवाद | कक्षा अनुसार निश्चित विषयवस्तु/ शीर्षकमा आफ्नो विचार अभिव्यक्त गर्न सक्ने | कक्षा भित्र र बाहिर सञ्चालन गर्ने |
| २६ | संघ-संस्था फिल्ड भिजिट अन्तरक्रिया र प्रतिवेदन लेखन र प्रस्तुती | अभिव्यक्ति कलाको विकास | स्थानीय संघ संस्थाहरू र तिनबाट प्रदान गरिने सेवाहरू जस्तै : विद्यालय ,वडा , प्रहरी चौकी , अस्पाताल , आमा समुह , युवा क्लब , वित्तीय संस्थाहरू र अन्य संस्थाहरू |
| २७ | प्रक्रिया लेखन | लेखाइ सीपको विकास | दैनिक पाठपुजा ( आफ्नो धर्म , परम्परा , संस्कृति अनुसार ) |
| | | | न्वारनमा गरिने क्रियाकलाप |
| | | | पाशनी , छेवर , बिबाह, मृत्यु |
| | | | धार्मिक स्थलमा गरिने पुजाप्रक्रिया |
| २८ | द्रुत पढाइ सीप प्रतियोगिता | शुद्धसँग पठन सीपको विकास | छिटो छिटो पढ्न लगाई लिखित वा मौखिक प्रश्नोत्तर गर्ने, सारांश खिच्न लगाउने, आपसी छलफल गराउने आदि |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| क्र.स. | क्रियाकलापको नाम | उद्देश्य | विधि / प्रक्रिया |
| २९ | लोकगीत लेखन, संकलन, प्रस्तुती, गायन आदि | लोक गित तथा आधुनिक गीत प्रति रुचि जगाउने | कक्षा /तहगत रुपमा कार्यक्रम सञ्चालन |
| ३० | संवाद लेखन तथा अभिनय | लेखन सीपको विकास | साना कक्षालाई संवादको अंश दिएर पूर्णता गर्ने अभ्यास साथै ठूला कक्षामा संवाद लेख्न लगाई अभ्यास गराउने |
| ३१ | लेखन प्रतियोगिता | लेखन सीपको विकास | निवेदन लेखन : जागिर , जन्मदर्ता , गुनासो लेखन , व्यक्ति वृतान्त लेखन (CV) आदि |
| ३२ | फाराम भर्ने | दैनिक जीवनमा अति आवश्यक व्यवहारिक लेखन सीपको विकास | समुह निर्माण गरी विभिन्न फाराम उपलब्ध गराई सहजीकरण गर्ने |
| ३३ | मौन अभिनय हेरेर भाषिक वर्णन गर्ने प्रतियोगिता | अनुमान गर्ने सीपको विकास | अरुले गरेको मौन अभिनय अवलोकन गरी अभिनयले भन्न खोजेको कुरा अनुमान गर्ने |
| ३४ | अन्तर्वार्ता लिने अभ्यास | प्रश्नोत्तर क्षमता विकास हुने | ( Mock Interview , Job Interview ) जोडीमा गर्ने — रोजगारदाता र आवेदकको भूमिका आदि ।) |
| ३५ | समाचार लेखन/ वाचन | कक्षा र विषयसँग सम्बन्धित निश्चित शब्दमा समाचार लेख्न सक्ने | माछापुच्छ्रे गाउँपालिका/ बिद्यालयमा भएका समसामयिक गतिविधि सम्बन्धी |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| ३६ | बैठक संचालन , प्रस्ताव लेखन , निर्णय लेखन | लेखन सीपको विकास | विभिन्न एजेण्डा तयार गरी बैठक बसाउने साथै बैठक पूर्व, बैठक भइरहेको अवस्थामा र बैठक पश्चात गरिने क्रियाकलापबारेमा छलफल गराउने |
| 37 | यात्रा संस्मरण | अभिव्यक्ति सीपको विकास | विभिन्न अवधिका अवलोकन भ्रमण गराई अनुभव तथा अनुभूतिका विषयमा साहित्यक लेख लेख्न लगाउने |
| ३८ | चिठी लेखन : | अभिव्यक्ति सीपको विकास | कार्यालय , घरायसी , व्यवसायिक , सम्पादकलाई , गुनासो आदि |
| ३९ | शुद्ध लेखन | शुद्ध लेखन सीपको विकास | दिएको अनुच्छेदलाई शुद्ध पार्न लगाउने, समान वर्गका शब्द लेख्न लगाई नियम बनाउन लगाउने आदि |
| ४० | आफ्नो ब्लग निर्माण | प्रविधिको प्रयोग गरी अभिव्यक्ति कलाको विकास | - गृहकार्य , विद्यालयको दैनिक तालिका , क्यालेन्डर , A Day in the life of ...... (Student name...) |
| | | | - यात्रा संस्मरण |
| | | | - प्राकृतिक फोटो |
| | | | - खाना - सृजना |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| १ | हस्त लेखन | सफा र शुद्ध लेखन सीपको विकास | कक्षा अनुसार शब्द, अक्षर, वाक्य र अनुच्छेदहरू अनुलेखन वा श्रुति लेखन वा स्वतन्त्र लेखन गराउने |
| २ | तहगत पढाइ प्रतियोगिता | पठन सीप विकास | कक्षा अनुसार अक्षर शब्द, वाक्य र अनुच्छेद सश्वर वा मौन पठन गर्न लगाई मूल्याङ्कन गर्ने |
| ३ | शब्दलेखन / Scrabble | शब्द भण्डार वृद्धि गर्ने | बोर्ड वा इन्टरनेटको माध्यमबाट खेल खेलाउने |
| ४ | क्षेत्र भ्रमण ( Field visit ) पश्चात अनुभव अनुभव /प्रतिवेदन प्रस्तुत गर्ने | लिखित तथा मौखिक अभिव्यक्ति क्षमताको विकास | क्षेत्र भ्रमण गराई व्यक्तिगत वा समूहगत निर्धारित ढाँचामा सूचना संकलन गर्न र प्रतिवेदन तयार गर्न लगाउने तयार भएको प्रतिवेदन प्रस्तुत गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने आवश्यकता अनुसार सहजीकरण गर्ने |
| ५ | भित्तेपत्रिका प्रकाशन | योजना निर्माण क्षमताको विकास | विद्यार्थी निर्मित लेख रचना तथा आवश्यक सूचनाहरू समावेश गरी विद्यालयको बालक्लब परिचालन गरी प्रकाशन गर्ने |
| ६ | वक्तृत्वकला | कक्षा अनुसार निश्चित विषयवस्तु/शीर्षकमा आफ्नो विचार अभिव्यक्त गर्न सक्ने | पूर्व/ स्वस्थलमा विषयवस्तु/शीर्षक दिएर संचालन गर्न सकिने |
| ७ | नाटक मन्चन | अभिनयात्मक क्षमताको विकास | तहगत तथा कक्षागत रुपमा विद्यार्थीहरूलाई तयारी गर्न लगाई गराउने |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| क्र.स. | क्रियाकलापको नाम | उद्देश्य | विधि / प्रक्रिया |
| ८ | हिज्जे प्रतियोगिता | कक्षा अनुसार विषय वस्तुसँग मिल्ने शब्द भण्डार क्षमताको विकास गर्ने | तहगत तथा कक्षागत प्रतिस्पर्धा गराउने |
| ९ | श्रुतिलेखन | कक्षा अनुसार विषय वस्तुसँग मिल्ने शब्द भण्डार क्षमताको विकास गर्ने | तहगत तथा कक्षागत प्रतिस्पर्धा गराउने |
| १० | कबिता लेखन/बाचन | सिर्जनात्मक क्षमताको विकास | निश्चित शीर्षक दिएर वा स्वतन्त्र रुपमा कविता रचना गराई वाचन गर्न लगाउने (साना कक्षामा अनुच्छेदन लेखन ) |
| ११ | लघु कथा लेखन | सिर्जनात्मक क्षमताको विकास | निर्देशित, शीर्षक, बूँदा, शुरुको वाक्य, अन्तिमको वाक्य, स्वतन्त्र शीर्षक |
| १२ | तहगत , विषयगत सिकाइ सामाग्री निर्माण | लेखाइ तथा सृजनात्मक सीपको विकास | शीर्षक र विषयवस्तु अनुसार समुह विभाजन गरी सामाग्री निर्माण अभ्यास तथा प्रतियोगिता सञ्चालन |
| १३ | अनुभव वर्णन (लिखित तथा मौखिक) | लेखाइ तथा बोलाइ | लघु भ्रमण गराएर, कुनै घटना वा परिस्थिति अवलोकन गर्न लगाएर आदि |
| १४ | समीक्षा लेखन | समालोचनात्मक क्षमताको विकास | लेख, रचना, चलचित्र आदि अध्ययन गरी समालोचनात्मक टिप्पणी लेखाई प्रस्तुत गर्न लगाउने |
| १५ | अन्ताक्षरी खेल कक्षागत | शब्द भण्डारको वृद्धि | कक्षागत वा तहगत रुपमा संचालन |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| क्र.स. | क्रियाकलापको नाम | उद्देश्य | विधि / प्रक्रिया |
| १६ | विज्ञसँग अन्तरक्रिया, प्रश्न सोध्ने | बोलाइ र सुनाइ सीपको विकास | विभिन्न क्षेत्रका विज्ञहरूलाई बोलाई वा निजको कार्यस्थलमा लगी अनुभव सुनाउने र अन्तरक्रिया गराउने |
| १७ | चांडपर्व ,संस्कृति ,मेला ,उत्सव को मौखिक तथा लिखित बर्णन तथा प्रतियोगिताहरू | अभिव्यक्ति क्षमताको विकास | चाडपर्वहरूको अध्ययन अवलोकन गराई तिनको पृष्ठभूमि, प्रचलन, सांस्कृतिक महत्व समावेश गरी लिखित वा मौखिक रुपमा प्रस्तुत गर्न लगाउने |
| १८ | जीवनी लेखन : विद्यार्थी , अभिभावक ( बुवा आमा , हजुर बुवा , हजुर आमा आदि ) शिक्षक | लेखन सीपको विकास | प्र. अ. तथा विभिन्न क्षेत्र (साहित्य , खेलकुद , चिकित्सा , समाजसेवा, कला आदिमा सफलता प्राप्त गरेका व्यक्तिहरूको जीवनीको खाका (तह अनुसार) |
| १९ | दैनिकी लेखन | लेखन सीपको विकास | ( कक्षागत ) मेलापर्व , चांडपर्व , जन्मदिन , विद्यालयको पहिलो दिन , बार्षिकोत्सवको दिन , शैक्षिक /लागु भ्रमणका दिनहरू |
| २० | दैनिक कार्यतालिका निर्माण | लेखाइ सीपको विकास | (सामान्य दिन/ बिदाका दिन) समय व्यवस्थापन जस्तै बिहान उठ्ने समय, खेल्ने समय, पढ्ने समय आदि |
| २१ | कथा वाचन प्रतियोगिता | पठन सीपको विकास | सुनेका , पढेका , बढी मन परेका लघु कथा वाचन ( प्रार्थना र कक्षा दुवैमा गर्न सकिने ) |
| २२ | स्मरण खेल | अभिव्यक्ति सीपको विकास | शब्द तह , बोधात्मक प्रश्न-उत्तरको तहमा |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| २३ | जनचेतना सम्बन्धी पम्पलेट , समाचार , पोष्टकार्ड , संदेशमुलक कार्टुन | लेखन सीपको विकास | कक्षा /तहगत रुपमा आवश्यकता र सन्दर्भ अनुसार चार्ट पेपर, कलर , गम आदि । |
| २४ | कार्ड लेखन | लेखाइ सीपको विकास | शुभकामना, निमन्त्रणा, बधाई, समाचार , विज्ञापन, श्रद्धाञ्जली लेखन प्रतियोगिता |
| २५ | वादविवाद | कक्षा अनुसार निश्चित विषयवस्तु/ शीर्षकमा आफ्नो विचार अभिव्यक्त गर्न सक्ने | कक्षा भित्र र बाहिर सञ्चालन गर्ने |
| २६ | संघ-संस्था फिल्ड भिजिट अन्तरक्रिया र प्रतिवेदन लेखन र प्रस्तुती | अभिव्यक्ति कलाको विकास | स्थानीय संघ संस्थाहरू र तिनबाट प्रदान गरिने सेवाहरू जस्तै : विद्यालय ,वडा , प्रहरी चौकी , अस्पाताल , आमा समुह , युवा क्लब , वित्तीय संस्थाहरू र अन्य संस्थाहरू |
| २७ | प्रक्रिया लेखन | लेखाइ सीपको विकास | दैनिक पाठपुजा (आफ्नो धर्म , परम्परा , संस्कृति अनुसार ) |
| | | | न्वारनमा गरिने क्रियाकलाप |
| | | | पास्नी , छेवर , विवाह, मृत्यु |
| | | | धार्मिक स्थलमा गरिने पुजा प्रक्रिया |
| २८ | द्रुत पढाइ सीप प्रतियोगिता | शुद्धसँग पठन सीपको विकास | छिटो छिटो पढ्न लगाई लिखित वा मौखिक प्रश्नोत्तर गर्ने, सारांश खिच्न लगाउने, आपसी छलफल गराउने आदि |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| २९ | लोकगीत लेखन, संकलन , प्रस्तुती, गायन आदि | लोक गित तथा आधुनिक गीत प्रति रुचि जगाउने | कक्षा /तहगत रुपमा कार्यक्रम सञ्चालन |
| ३० | संवाद लेखन तथा अभिनय | लेखन सीपको विकास | साना कक्षालाई संवादको अंश दिएर पूर्णता गर्ने अभ्यास साथै ठूला कक्षामा संवाद लेख्न लगाई अभ्यास गराउने |
| ३१ | लेखन प्रतियोगिता | लेखन सीपको विकास | निवेदन लेखन : जागिर , जन्मदर्ता , गुनासो लेखन, व्यक्ति वृतान्त लेखन (CV) आदि |
| ३२ | फाराम भर्ने | दैनिक जीवनमा अति आवश्यक व्यबहारिक लेखन सीपको विकास | समुह निर्माण गरी विभिन्न फाराम उपलब्ध गराई सहजीकरण गर्ने |
| ३३ | मौन अभिनय हेरेर भाषिक वर्णन गर्ने प्रतियोगिता | अनुमान गर्ने सीपको विकास | अरुले गरेको मौन अभिनय अवलोकन गरी अभिनयले भन्न खोजेको कुरा अनुमान गर्ने |
| ३४ | अन्तर्वार्ता लिने अभ्यास | प्रश्नोत्तर क्षमता विकास हुने | ( Mock Interview , Job Interview ) जोडीमा गर्ने- रोजगारदाता र आवेदकको भूमिका आदि ।) |
| ३५ | समाचार लेखन/ वाचन | कक्षा र विषयसँग सम्बन्धित निश्चित शब्दमा समाचार लेख्न सक्ने | माछापुच्छ्रे गाउँपालिका/ बिद्यालयमा भएका समसामयिक गतिविधि सम्बन्धी |
| ३६ | बैठक संचालन , प्रस्ताव लेखन , निर्णय लेखन | लेखन सीपको विकास | विभिन्न एजेण्डा तयार गरी बैठक बसाउने साथै बैठक पूर्व, बैठक भइरहेको अवस्थामा र बैठक पश्चात गरिने क्रियाकलापबारेमा छलफल गराउने |

| भाषा क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.स.** | **क्रियाकलापको नाम** | **उद्देश्य** | **विधि / प्रक्रिया** |
| 37 | यात्रा संस्मरण | अभिव्यक्ति सीपको विकास | विभिन्न अवधिका अवलोकन भ्रमण गराई अनुभव तथा अनुभूतिका विषयमा साहित्यक लेख लेख्न लगाउने |
| ३८ | चिठी लेखन | अभिव्यक्ति सीपको विकास | कार्यालय, घरायसी, व्यवसायिक, सम्पादकलाई , गुनासो आदि |
| ३९ | शुद्ध लेखन | शुद्ध लेखन सीपको विकास | दिएको अनुच्छेदलाई शुद्ध पार्न लगाउने, समान वर्गका शब्द लेख्न लगाई नियम बनाउन लगाउने आदि |
| ४० | आफ्नो ब्लग निर्माण | प्रविधिको प्रयोग गरी अभिव्यक्ति कलाको विकास | गृहकार्य, विद्यालयको दैनिक तालिका, क्यालेन्डर, A Day in the life of ...... (Student name...) |
| | | | - यात्रा संस्मरण |
| | | | - प्राकृतिक फोटो |
| | | | - खाना - सृजना |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **मुख्य क्रियाकलाप** | **उद्देश्य** | **विधि/प्रकृया** | **निष्कर्ष** |
| **आधारभूत तह (कक्षा १ देखि ८)** | | | | |
| १ | विद्यार्थीहरूलाई विभिन्न वालीको अवलोकन गराउने र विभिन्न वालीवाट उत्पादित वस्तु देखाएर त्यसवाट खानाका परीकार पकाएर खुवाउने | बालबालिकालाई रैथाने वाली अवलोकन गराई महत्व बुझाउने र त्यसबाट वन्ने परीकारको वारेमा जानकारी दिने तथा खुवाउने । | प्रयोगात्मक,अवलोकन, लघु भ्रमण, सामग्री संकलन | विभिन्न बालीहरूवाट निर्माण हुने खानेकुराको परिकार छुट्याउन वा भन्न सक्नेछन्। |
| २ | बालबालिकालाई विधुतबाट चार्ज गरेर वा जोडेर विभिन्न क्रियाकलाप गर्न लगाउने र स्थानीय सामाग्री अवलोकन गराउने | बालबालिकामा विधुतीय उपकरणको प्रयोग सम्बन्धि जानकारी प्राप्त गर्न र स्थानीय सामाग्रीको् महत्व बोध गराउने । | प्रयोगात्मक अभ्यास, छलफल, प्रदर्शन, लघुभ्रमण आदि | विद्युतीय सामान र अन्य सामानका ५/५ वटा नाम र चित्र बनाउन सक्ने र स्थानीय सामाग्री पहिचान गर्न सक्ने |
| ३ | बालबालिकाहरूलाई घरैबाट संस्कार सिकाउदै विद्यालयमा सोही अनुसारको आचरण सिकाउनको लागी विभिन्न स्थानमा लगेर पृष्ठपोषण लिने दिने, अभिनय गराउने, सामाग्री संकलन गर्ने | असल संस्कार गर्ने बानीको विकास गराउने । | नाटक, अभिनय, लघुभ्रमण | सबैप्रति सद्भाव र असल संस्कार प्रदर्शन गर्न |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| ४ | बालबालिकाहरूको व्यक्तिगत भिन्नता पहिचान गरी श्रृजना वा प्रतिभा प्रस्पुटन गर्न सहजीकरण गर्ने | बालबालिकाहरूको अन्तरनिहित प्रतिभा प्रष्फुटन गर्न सहयोग पुऱ्याउने | प्रयोगात्मक, श्रोत व्यक्तिद्वारा व्यवहारिक अभ्यास, श्रव्यदृश्य सामग्री, अवलोकन,लघुभ्रमण | बालबालिकाहरूको चाहना , रुची अनुसार चित्र सामाग्री , अभिनय, नृत्य, गायन आदी गर्न |
| ५ | बालबालिकालाई स्थानीय स्तरमा रहेका महत्वपुर्ण भौगोलिक तथा सांस्कृतिक सम्पदाको लघुभ्रमण गराउने र नाम, ठाँउ र सम्पदाको किसिम बताउन लगाउने र यिनीहरूको महत्वको वारेमा बताउन सक्ने बनाउने | बालबालिकाहरूलाई आफ्नो गाँउ/ठाँउमा भएका मठ मन्दिर, गुफा, तालतलैया, वन जंगल, खानी , कृषी, पर्यटन लगायतको वारेमा जानकारी गराउने । | अवलोकन, लघुभ्रमण, स्रोतव्यक्ति, नक्सा प्रदर्शन | विभिन्न स्थानीय सम्पदाको नाम लेखी सुची बनाउन सक्ने |
| ६ | मार्चपास गराउने, गोलो घेरा बन्न सिकाउने र विभिन्न खेलका नियमको जानकारी दिने र अभ्यास गराउने | बालबालिकालाई खेल सम्बन्धि आधारभूत सिप सिकाउने । | प्रयोगात्मक अभ्यास,श्रव्यदृश्य सामग्री | विभिन्न खेलसँग सम्बन्धित आधारभूत सिप हासिल गरी खेल खेल्न सक्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| ७ | बालबालिकालाई जीवनोपयोगी सीपसँग परिचित गराउने | बालबालिकालाई व्यक्तिगत र वातावरणीय सरसफाई सम्बन्धि व्यवहारिक ज्ञान सिकाउने । | प्रयोगात्मक, प्रदर्शन, अभिनय | बालबालिकाहरूमा व्यक्तिगत र वातावरणीय सरसफाई सम्बन्धि प्रयोगात्मक ज्ञान प्राप्त हुने |
| ८ | बालवालिकाहरूलाई स्थानीय पेशा र व्यवसायको महत्व बुझाउन सम्वन्धित स्थानमा लघुभ्रमण गराएर छलफल गराउने, यसको फाइदा वेफाइदाहरूको बारेमा जानकारी गराउने, बाह्य पेशाको बारेमा पनि जानकारी गराउन श्रोत व्यीक्तसंग अन्तरक्रिया तथा छलफल गराउने । | पेशाको सम्भावना र जनशक्तिको विश्लेषण गरी बालवालिकाको रुची तथा क्षमता पहिचान गर्ने र सोही अनुरुप उत्प्रेरित गर्ने । | अवलोकन, श्रव्य दृश्य सामग्री प्रदर्शन, लघु भ्रमण आदि | विभिन्न पेशाको नाम र महत्व बताउने। |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| ९ | बालवालिकाहरूलाई नैतिकवान बनाउन कथा, कविता, जीवनी आदिसँग सम्बन्धित श्रव्यदृश्य सामाग्री प्रदर्शन तथा वाचन गराउने | बालवालिकाहरूलाई नैतिकवान, बनाउन अभिप्ररित गर्ने । | नाटक, श्रोत व्यक्ति, असल कथा कविता, श्रव्य दृश्य सामाग्रीद्वारा प्रशिक्षण | असल र खराब व्यवहारबिच फरक छुट्टाउन लगाएर चार्ट पेपरमा लेखेर प्रर्दशन गर्न लगाउने र असल कामको झल्को आउने खालका कथा कविताहरू प्रवचन गर्ने लगाउने । |
| १० | धार्मिक तथा सामाजिक व्यक्तित्वहरूको प्रवचन, धार्मिक मेला महोत्सवमा सहभागी गराउने | व्यक्ति तथा संस्कृतिको पहिचान गर्ने | श्रव्यदृश्य सामाग्री लघुभ्रमण र स्रोत व्यक्ति | धार्मिक तथा सामाजिक व्यक्तित्व र संस्कृतिसँग परिचित हुने। |
| ११ | आफुभन्दा ठुला र सानालाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने धारण दिन नाटक प्रर्दशन र अभिनय गर्ने | असल बानी व्यवहार प्रदर्शन गर्ने | अभिनय तथा प्रवर्चन | असल बानी व्यवहार प्रदर्शन गर्ने |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| १२ | बालवालिकाहरूले असल काम र खराब काम के हो भन्ने छुट्टाउन लगाउने, यसको पछिसम्म पर्न सक्ने असरको बारेमा समूह निर्माण गरी छलफल गराउने, सम्भव नभएमा श्रोत व्यक्तिबाट जानकारी गराउने, त्यस्तै प्रकारका भिडियो प्रर्दशन गराउने, | बालवालिकाहरूलाई कुलत भनेको के हो ? र यसका बेफादाका बारेमा जानकारी गराएर यसबाट टाढै रहने धारणको विकास गर्ने । | डकुमेन्ट्री प्रर्दशन, सुधार केन्द्र भ्रमण, कुलतमा फसेर सुधार भईसकेको व्यक्तिद्वारा अनुभव आदान प्रदान | असल र खराब ५/५ वटा कामको नाम सुनाउने र चार्ट पेपरमा लेखेर प्रर्दशन गर्ने । |
| १३ | बालवालिकाहरूलाई ट्राािफिक नियम सम्बन्धी डकुमेन्ट्री तथा चिन्ह, नियम, प्रर्दशन गर्ने र नमूना अभ्यास गराउने | ट्राफिक सचेतना प्राप्त हुने । | अभिनय,लघुभ्रमण | ट्राफिक नियमसँग परिचित हुने । |
| १४ | आफ्नो माछापुच्छ्रे गाउँपालिका भित्रका विपद् न्यूनिकरण सम्बन्धी काम गर्ने संस्थाको नाम र सम्पर्क नम्बर लेखेर सबैले देख्ने गरी | विपद र विपद न्यूनिकरणमा कार्य गर्ने संघ संस्थासँग परिचित हुने । | लघुभ्रमण,चित्र,चार्ट,पोष्टर। | विपद्सँग परिचित भई विपद् न्यूनीकरण गर्ने संघ संस्थासँग समन्वय गर्न सक्ने। |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| | कक्षाकोठामा टाँस्न लगाउने । | | | |
| १५ | बालवालिकाहरूलाई आफुलाई मन पर्ने र इच्छा वा चाहना भएका विभिन्न क्रियाकलापमा संलग्न गराउने र विस्तारै श्रोत कक्षा संचालन भएको ठाँउमा लघु भ्रमण गराउने र पृष्ठपोषण लिने अनि अभिभावक र श्रोत कक्षा बिच सम्बन्ध स्थापित गराई बेलाबेलामा पुलको काम गरेर सहयोग पुऱ्याउने । | बालवालिकाहरूको अन्तरनिहित क्षमताको पहिचान गरी सो लाई टेवा पुग्ने क्रियाकलापमा संलग्न गराउने । | रुची मिल्दो समूह निर्माण, प्रदर्शन | आफुलाई चाहना भए अनुसार निर्मित सामाग्रीहरू प्रर्दशन गर्ने। |
| १६ | आफ्नो माछापुच्छ्रे गाउँपालिकाको कम्तीमा वडा कार्यालयसम्म लघुभ्रमण गराउने, मेयर तथा अध्यक्षसँग छलफल र अन्तरक्रिया गर्ने । | आफ्नो आफ्नो गाउपालिका वा नगरपालिकाहरूको भौगोलिक अवस्था, आर्थिक अवस्था तथा प्रदान गर्ने सेवा सुविधाको बारेमा जानकारी गराउने । | छलफल, अन्तरक्रिया र लघुभ्रमण | माछापुच्छ्रे गाउँपालिकाले प्रदान गर्ने कुनै ५ वटा सेवाको वारेमा सुची र वडापत्र बनाएर विद्यालयमा प्रर्दशन गर्न सक्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| १७ | विद्यार्थीलाई जातिगत भेषभुषा लगाएर आउन लगाउने, विभिन्न धर्म अनुसारको धार्मिक स्थलमा लघुभ्रमण गराउने, विद्यार्थीहरूलाई आँफूले मान्दै आएका चाडपर्व जस्तै दशैं, तिहार, इद, ल्होसार, क्रिसमस जस्ता पर्व कसरी मनाइन्छ सो बारेमा नाटक नमूना अभ्यास गर्न लगाउने | विद्यार्थीहरूलाई मौलिक संस्कृति तथा चाडपर्व तथा चालचलनको बारेमा जानकारी गराउने, विकृतिहरूलाई कम गर्ने उपायहरूसँग परिचित गराउने | अवलोकन, लघुभ्रमण, छलफल, नाटक, प्रदर्शन | आफ्नो संस्कृतिको अवलम्बन र संरक्षण गर्न भूमिका निर्वाह गर्न सक्ने । |
| १८ | परिवारको आम्दानी र खर्चका स्रोतहरू पहिचान गर्न लगाउने, अभिभावक र विद्यार्थी बनेर नमूना अभ्यास गर्न लगाउने | विद्यार्थीहरूले आफ्नो परिवारको आम्दानी र खर्चका स्रोतको लेखाजोखा गर्न सक्ने | समूह निर्माण, बुँदा टिपोट छलफल, प्रस्तुती | आम्दानी र खर्चका स्रोतहरू पहिचान गरी भविष्यका लागि बचत गर्न सक्ने र पारीवारीक वजेट निर्माणमा सहयोग गर्न सक्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| १९ | पूर्व ज्ञानको परिक्षण गर्नका लागि सामुहिक छलफल गर्ने, पुस्तकालयमा भएको सन्दर्भ सामाग्री अध्ययन गरी छलफल गराउने | जनसङख्या र प्राकृतिक स्रोत व्यवस्थापनबीच अन्तर सम्वन्धको ज्ञान हासिल गर्न | छलफल, बुँदा टिपोट, प्रतिवेदन लेखन, लधुभ्रमण | दक्ष, र अदक्ष जनशक्ति बिचको अन्तर तिनीहरूको पेशा, आम्दानीको आधार समेतलाई छलफल गरेर सकारात्मक धारणाको विकास गराउने |
| २० | सुरक्षा निकायसँग छलफल गराउने वा सुरक्षा निकायको व्यक्तिलाई विद्यालयमा बोलाएर अभिभावक, विद्यार्थी, शिक्षक र श्रोत व्यक्ति विच अन्तरक्रिया छलफल गराउने । | विद्यार्थीहरूले साइवर अपराध र अन्य अपराधवाट जोगिने उपायहरूको बारेमा सुसुचित हुनेछन् । | छलफल, भिडियो प्रदर्शन, अनुसन्धान | साइबर अपराध र अन्य अपराध न्यूनिकरण गर्न सहयोग पुग्ने |
| २१ | विद्यार्थीहरूलाई संस्कार र संस्कृतिका सम्बन्धमा उनीहरूको रुची अनुसार क्रियाकलाप गर्न लगाउने | बालवालिकाहरूलाई खुला रुपमा आफ्नो चाहना रुची र प्रतिभा पहिचान गर्न उत्प्रेरित गर्ने । | क्रियाकलाप सञ्चालन | बालवालिकाहरूले आ आफ्नो क्षमता प्रर्दशन गर्ने र निरन्तर अभ्यास गराउने । |
| माध्यमिक तह (कक्षा ९ देखि १२) | | | | |
| क्र.सं. | क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| १. | स्थानीय स्रोत र साधनको अध्ययन (मानव स्रोत, | स्थानीय स्रोत र साधनको अध्ययन पश्चात व्यवसायिक सम्भावनाको खोजी गर्ने । | स्थानीय क्षेत्रमा रहेका जल, वन, जमिनको अवलोकन, लघु भ्रमण, | विद्यार्थीमा स्थानीय स्रोत र साधनको पहिचान र सम्भावनाको अवधारणा विकास हुने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| | प्राकृतिक स्रोत र आर्थिक स्रोत) | | छलफल, समूह कार्य आदि गर्न सकिने । | |
| २. | लगानी र उत्पादनको विश्लेषण क्षमता विकास | लगानी र उत्पादन विश्लेषण पश्चात व्यवसायिक सम्भाव्यताको पहिचान गर्ने । | लघु भ्रमण, परियोजना कार्य, प्रशिक्षण, सफलताका कथा सुनाउने आदि । | लगानी र उत्पादनको विश्लेषण गरी व्यावसायिक सिप हासिल गर्ने । |
| ३. | परियोजना कार्य तथा प्रस्तावना लेखन | परियोजना प्रस्तावना लेखन सम्बन्धी सीप र ज्ञान हासिल गर्ने । | छलफल, योजना तथा प्रस्तावना लेखन र प्रस्तुतीकरण । | आवश्यकता पहिचान गरी योजना तथा प्रस्तावना तयार गर्न सक्ने । |
| ४. | स्थानीय परियोजनाहरूको अध्ययन अवलोकन | परियोजनासँग सम्बन्धी व्यावहारिक सीप र ज्ञान प्राप्त गर्ने । | अवलोकन, छलफल<br>सम्भाव्यताको अध्ययन, प्रतिवेदन लेखन र प्रस्तुतीकरण । | परियोजनासँग सम्बन्धित व्यावसायिक सिप विकास गर्ने । |
| ५. | व्यावासयिक संस्था दर्ता प्रकृयाको अध्ययन | व्यावसायिक संस्था दर्ता गर्नका लागि आवश्यक ज्ञान आर्जन गर्ने । | लघु भ्रमण, अध्ययन, विज्ञसँग छलफल अभ्यास । | व्यावसायिक संस्था दर्ता गर्ने नीति नियमको ज्ञान र दर्ता गर्न सक्ने क्षमताको विकास । |
| ६. | विभिन्न कार्यालयमा पेश गर्ने निवेदन तयार गर्ने | निवेदन लेखन सीपको ज्ञान, सिप आर्जन गर्ने । | छलफल तथा प्रयोगात्मक कार्य गर्न लगाउने । | विभिन्न प्रकारका निवेदन तयार गर्न सक्ने । |
| ७ | बैठक सञ्चालन र निर्णय लेखन सीपको विकास गर्ने । | बैठक सञ्चालन र निर्णय लेख्ने सिपको ज्ञान आर्जन । | नमुना बैठक सञ्चालन गर्ने, बैठकमा प्रस्ताव पेश गर्ने, छलफल गराउने र निर्णयमा पुग्ने । | बैठक सञ्चालन गरी निर्णय लेख्न सक्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| ९ | समाचार, सम्पादिकय, संवाद, भाषण लेखन सीपको विकास | समाचार, सम्पादकीय, संवाद, भाषण,ध्यानाकर्षण पत्र,अन्तर्वार्ता, सार्वजनिक अपिल आदि लेखन कार्यको विकास । | पत्रपत्रिकाका लेख, पुस्तकालय भ्रमण,विभिन्न रचनाहरूको अध्ययन तथा लेखन अभ्यास र प्रतियोगिता सञ्चालन गर्ने । | समाचार, सम्पादकीय, संवाद, भाषण,ध्यानाकर्षण पत्र, अन्तर्वाता आदि लेखेर जीवन निर्वाह गर्न सक्ने । |
| १० | स्थानीय मौलिक संस्कृतिको अध्ययन (लोकगीत, लोकबाजा र लोकनृत्य) | स्थानीय मौलिक संस्कृतिको पहिचान गरी संरक्षण गर्ने । | साँस्कृतिक सङ्ग्रहालयको अवलोकन भ्रमण, विभिन्न सांस्कृतिक क्रियाकलापको अवलोकन, छलफल र विज्ञसँग अन्तर्क्रिया । | स्थानीय मौलिक संस्कृतिको बारेमा अध्ययन, संरक्षण तथा प्रवर्दनमा सहयोग पुग्ने । |
| ११ | स्थानीय रैथाने वस्तुहरू | स्थानीय रैथाने वस्तुको पहिचान गरी संरक्षण गर्ने ज्ञान र सिपको विकास गर्ने । | विज्ञहरूसँगको अन्तर्क्रिया, छलफल, अवलोकन एवम् सोधपुछ | स्थानीय रैथाने वस्तुहरूको व्यवस्थित उपयोगबाट व्यवसाय सञ्चालन गर्न सक्ने । |
| १२ | विभिन्न प्रकारका खेलहरू | विभिन्न किसिमका खेलको सिप विकास गर्ने । | दक्ष प्रशिक्षकबाट प्रशिक्षण,<br>प्रर्दशन,<br>सहभागिता र प्रतियोगिता | व्यवसायिक खेलाडीहरू उत्पादन गराई देशको छवि उच्च बनाउने । |
| १३ | ीचित्रकला | विभिन्न प्रकारका चित्र बनाउने क्षमताको विकास गर्ने । | धार्मिक तथा सांस्कृति स्थलहरू, अवलोकन,<br>प्रयोगात्मक कार्य सञ्चालन | चित्रकलाका माध्यमबाट आफ्नो मौलिक कला संस्कृतिको जर्गेर्ना गर्दै जीविकोपार्जन गर्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| १४ | विमा सम्बन्धी अभ्यास | जीवन तथा निर्जीवन विमा सम्बन्धी अवधारणाको विकास | क्षेत्र भ्रमण र विमा नीतिको स्वअध्ययन छलफल | भविष्यमा व्यवसायको सुरक्षा तथा जोखिम बहनका लागि तयार रहने । |
| १५ | बजार अनुगमन | उपभोक्ता अधिकारलाई व्यवहारमा प्रयोग गर्ने । | अनुगमन, अवलोकन, छलफल, प्रस्तुतीकरण । | उपभोक्ता अधिकारका वारेमा सचेत नागरिक तयार हुने । |
| १६ | ट्राफिक सचेतना अभ्यास | सुरक्षित सडक प्रयोगसम्बन्धि आधारभूत ज्ञान आर्जन गर्ने, | लघु भ्रमण, विज्ञसँगको छलफल, प्रयोगात्मक अभ्यास | सडकको सुरक्षित उपयोग गर्न सक्ने नागरिक तयार्रे हुने । |
| १७ | करेसाबारी निर्माण | करेसावारी निर्माण गर्ने । | छलफल<br>प्रस्तुतीकरण<br>प्रयोगात्मक कार्य | भान्सामा प्रयोग हुने तरकारी उत्पादन गर्ने । |
| १८. | रैथाने वस्तुहरू संरक्षण | स्थानीय ज्ञान र सीपको बारेमा ज्ञान आर्जन गर्ने । | लघु भ्रमण<br>छलफल<br>प्रयोगात्मक कार्य । | रैथाने वस्तु र सिपको ज्ञान हासिल गरी संरक्षणमा योगदान गर्ने । |
| १९ | स्थानीय उत्पादन | स्थानीय घरेलु सामग्री निर्माण गर्ने सीप हासिल गराउने । | स्थानीय आमा समूहको सहयोगमा प्रयोगात्मक विधिबाट स्थानीय परिवेश | स्थानीय सामग्रीहरूको संरक्षण गरी आय आर्जन गर्ने । |

| विषय क्षेत्रः सामाजिक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | उद्देश्य | विधि/प्रकृया | निष्कर्ष |
| | | | अनुसारका रैथाने वस्तुहरू तयार गर्ने सीप विकास गर्नेः जस्तै गुन्द्री, डोको लगायत | |
| २० | मौलिक तथा रैथाने खाद्य परिकारहरू | स्थानीय मौलिक तथा रैथाने खाद्य परिकार निर्माण गर्ने ज्ञान तथा सीप हासिल गराउने । | स्थानीय विज्ञको सहयोगमा खाना मौलिक खानाका परिकार चिनाउने, पकाउन सिकाउने- आवश्यक सामग्री विद्यार्थीको सहयोगमा संकनल गर्ने । | स्थानीय सिपको संरक्षण गरी आय आर्जन गर्ने । |
| २१ | नक्सा कार्यको अभ्यास | नक्सा बनाउने ज्ञान तथा सीप हासिल गराउने । | नक्सा बनाउन र प्रस्तुत गर्ने अभ्यास गर्न लगाउने | आवश्यकता अनुसार नक्सा बनाउने । |
| २२ | नमूना निर्वाचन गराउने | निर्वाचन सम्बन्धी अवधारणा दिलाउने । | जिम्मेवारी बाँडफाँड, आचारसंहिता निर्माण, मतदान, गणना, निर्वाचित घोषणा सम्मका कार्यहरू सञ्चालन गर्ने । | असल नेतृत्वको चयन गर्ने |
| २३ | अध्ययन अवलोकन भ्रमण | भौगोलिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको बारेमा ज्ञान हासिल गराउने । | अवलोकनको स्थान निर्धारण, जिम्मेवारी बाँडफाँड र अवलोकन भ्रमण | भौगोलिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको बारेमा ज्ञान प्राप्त गरी प्रतिवेदन तयार गर्ने । |
| २४. | सिलाई बुनाई तथा सौन्दर्य प्रसाधन | सामान्य सिलाई बुनाई तथा बुटिक सम्बन्धी सीप सिक्ने । | स्रोत व्यक्तिको सहयोगमा बुटिक सम्बन्धी सीप सिकाउने | सामान्य सिलाई बुनाई तथा व्यूटिसियन सम्बन्धी सीप सिक्न सक्नेछन् । |
| २५ | योग तथा ध्यान | योग तथा ध्यानको माध्यमबाट शारीरिक तथा मानसिक शान्ति प्राप्त गर्ने सिप सिक्ने । | अभ्यास गराउने | योग तथा ध्यानको माध्यमबाट शारीरिक तथा मानसिक शान्ति प्राप्त गर्ने सिप सिक्न सक्नेछन् । |

विषय क्षेत्रः गणित

तहःआधारभूत (कक्षा १-३)

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | कोणहरूको तुलना गर्ने | कोणहरूको तुलना गर्न | १. थोपाबाट रेखा र रेखाबाट कोण बन्छ भन्ने सिकाउनका लागि अभ्यास गराउने ।<br>२. ससाना छेस्का-हरूबाट कोण बनाएर अभ्यास गराउने ।<br>३. विद्यार्थीलाई तपाईंको घर वा कक्षाकोठा वरिपरि कुन कुन ठाउँमा जस्तैः (ढोकामा,कोठाको चौकुना आदि) कोण बनेको देखुभएको छ भनी प्रश्न गर्ने र विद्यार्थीबाट आएका उत्तर टिपोट गर्न लगाउने ।<br>४. कोणहरू ठूला र साना हुन्छन भन्ने अभ्यास गराउन शिक्षकले विद्यार्थीलाई सिन्काहरूको प्रयोग गरी कोणहरू बनाउन ,सानो ठूलो कोण तुलना गर्न सहजीकरण गर्ने ।<br>५. जियो बोर्डमा रबरब्यान्डको सहायताले एउटा कोण बनाएर विद्यार्थीलाई देखाउने ।<br>६. ३/३ जना विद्यार्थीलाइ पालै पालो अगाडि बोलाई १/१ ओटा फरक फरक नापका कोणहरू जियो बोर्डमा बनाउन र सानो ठुलो कोण छुट्याउन लगाउने ।<br>७. यसलाई प्रतियोगिताको रुपमा पनि सञ्चालन गर्न सकिने । | कोण केहो भन्ने चिन्न र तुलना गर्न सक्षम हुनेछन । |
| २ | ज्यामितीय आकारहरू (त्रिभुज,चतुर्भुज र वृत्त आदि)को पहिचान एवं प्रस्तुतिकरण | ज्यामितीय आकृतिहरू (त्रिभुज,चतुर्भुज र वृत्त आदि) पहिचान गर्न | १. शिक्षकले आवश्यक मात्रामा छेस्का,डोरी ,चोया , चार्टपेपर वा कार्ड पेपरबाट बनाइएका ज्यामितीय (त्रिभुज,चतुर्भुज र वृत्त आदि) आकृतीहरूलाई खाली ठाउँमा राख्न लगाउने ।<br>२. विद्यार्थीलाई निश्चित समय उपलब्ध गराइ उस्तैखाले आकृतीहरूलाई एकै ठाउँमा मिलाएर राख्न लगाउने।<br>३. तोकिएको समयमा सबै भन्दा धेरै मिलाउनेलाई बिजेता घोषणा गर्ने ।<br>४. शिक्षकले कुनै एउटा आकारको कार्ड (जस्तै आयताकार कार्ड) हातमा लिएर देखाउने,यस्तै आकारका वस्तुहरू कक्षा कोठाभित्र के के देखुभएको छ भनि कक्षामा छलफल चलाउने विद्यार्थीले भनेका) वस्तुहरूको नाम शिक्षकले टिप्ने<br>५. यसरी प्रत्येक आकारको कार्ड देखाउँदै सोध्दै र टिप्दैजाने ।यसक्रममा कक्षाभित्रको मात्र नगरी कक्षा बाहिर<br>६. देखिने वस्तुहरू पनि लिन सकिन्छ । | ज्यामितीय आकृतिहरू (त्रिभुज,चतुर्भुज र वृत्त आदि) पहिचान गर्न सक्षम हुने |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ७. ६यस्तै शिक्षकले वस्तुहरूको नाम उच्चारण गर्दै जस्तैःचुरा,,किताब,ढोका ,भलिवल कोर्ट,चउर आदिको आकारका सम्बन्धमा छलफल चलाउने । सबैभन्दा धेरै मिलाउनेलाई बिजेता घोषणा गर्ने । | |
| ३ | गन्ती सम्बन्धी खेल | गन्ती गर्न | १. अंकको खेल सिकाउनका लागि स्थानीयस्तरमा उपलव्ध स चकको सहायताले ,सिन्का ,साना ढुङ्गा-अंक गणना गराउने ।<br>२. हरेक समूहमा एक देखि पाँच नम्बर भएका विद्यार्थी हुन्छन् ।<br>३. विद्यार्थीहरूलाई आ-आफ्नो नम्बर सम्झन लगाउने,<br>४. शिक्षकले कुनै नम्बर जस्तैः तीन भन्न-भयो भने सबै समूहबाट तीन नम्बरको विद्यार्थीलाई बस्न लगाउने,<br>५. सबैभन्दा पहिले ठिक बुझेर बस्ने समूहलाई १ नम्बर दिने ।<br>यो क्रम दोहोर्याउँदै जाने सबैभन्दा धेरै नम्बर ल्याउने समूहलाई पुरष्कृत गर्ने । | गन्ती गर्न सक्षम हुनेछन् । |
| ४ | खेलको माध्यमबाट गणितको सिकाइ<br>(हिसाब दौड) | गणितका आधारभूत क्रिया (जोड,घटाउ गुणन र भाग) गर्ने | १. गणितका आधारभूत क्रिया (जोड,घटाउ र गुणन) सँग सम्बन्धित कुनै एक प्रश्न लेखेर विद्यार्थी संख्याको आधारमा प्रश्न लेखिएका कापीहरू कुनै ठाउँमा राख्ने ।<br>२. विद्यार्थीहरूलाई दौडिएर प्रश्न लेखिएको कापी लिएर तोकिएको ठाउँमा गइ समाधान गरी छिटो भन्दा छिटो शिक्षकलाई बुझाउन लगाउने ।<br>३. शिक्षकले विद्यार्थीले कापी बुझाएको समय टिपोट गरी राख्ने<br>४. सबैभन्दा पहिले प्रश्नको सही समाधान गरेर बुझाउने विद्यार्थीलाई बिजेता घोषणा गर्ने ।<br>५. अंकको खेल वैज्ञानिक लुडोको सहायताबाट सञ्चालन गर्ने । | गणितका आधारभूत क्रिया (जोड,<br>घटाउ गुणन) गर्न सक्षम<br>हुने |
| ५ | मिटर,सेन्टिमिटर र मिलिमिटर सम्बन्धमा बुझ्ने र त्यसको प्रयोग गर्ने | मिटर,सेन्टिमिटर र मिलिमिटर सम्बन्धमा बुझेर त्यसको प्रयोग गर्ने | १. विद्यार्थीलाई डेक्स,टेबुल,ढोकाको किनाराको लम्बाइ कति छ भनी अन-मान गर्न लगाउने र त्यसको बारेमा कक्षाकोठामा छलफल गराउने ।<br>२. विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहमा मिटर,सेन्टिमिटर र मिलिमिटर स्पष्ट देखिने नाप्न प्रयोग गरिने साधन (रुलर,टेप वा फित्ता) एक एकवटा बाँड्ने । | मिटर, सेन्टिमिटर सम्बन्धमा बुझेर त्यसको प्रयोग गर्न सक्षम हुने । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ३. विद्यार्थीले नाप्न प्रयोग गरिने साधन (रुलर,टेप वा फित्ता) अङ्कन गरिएको नाप पढ्न सके नसकेको एकिन गरी आवश्यक सहयोग गर्ने ।<br>४. विद्यार्थीलाई कक्षाकोठाको लम्बाइ, चौडाइ, डेक्सको लम्बाइ ,टेबुलको लम्बाइ,कापीको लम्बाइ,र चौडाइ अनुमान गर्न लगाउने अनि अनुमान गरेको लम्बाइ,र चौडाइ मिल्यो वा मिलेन जाँचेर हेर्ने । यसलाई प्रतियोगिताको रुपमा पनि सञ्चालन गर्न सकिने । | |
| ६ | तौलसम्बन्धी खेल | विभिन्न तौलका पोका हेरी तौल अनुमान गर्ने अनि अन–मान गरेको तौल मिल्यो वा मिलेन तौलेर हेर्ने | १. विद्यार्थीहरूको आफ्नो र आफ्ना २/३जना साथी को अनुमानित तौलको बारेमा कक्षाकोठामा छलफल गराउने<br>२. विद्यार्थीहरूका अगाडि पोका (कपडा,कपास,चामल,ढुङ्गा आदिको पोका) पारेका सामाग्रीहरू राखे ।<br>३. कुनै दुईओटा पोकाहरूलाई देखाएर यी दुईमा कुन पोकाको तौल बढी होला भनि सोध्ने ।<br>४. विद्यार्थाहरूलाई हात उठाउन लगाउने,पहिला हात उठाउनेलाई पहिला बताउन लगाउने ।<br>५. यस्तै २/३ जनालाई बताउन लगााई कापीमा टिप्दै जाने । जस्तैः श्यामले "A" पोका भन्दा "B " पोका बढी भनेको र सीताले"B" पोका भन्दा "A" पोका बढी भनेको यस्तै क्रियाकलाप गराउँदै टिप्दै जाने ।<br>६. अब A पोका उठाएर हेर र B पोका पनि उठाएर हेर भन्ने र कसले भनेको ठिक रहेछ बताउन लगाउने ।<br>७. अन्तिममा दुईओटा पोका तराजुमा राखेर कुन बढी कुन घटी छ भनि तौलेर हेर्न लगाउने पहिला अनुमानका आधारमा भनेको उत्तर कसको ठीक कसको बेठीक भनी अन्तिम निर्णय गराउने ।<br>८. यसरी नै विभिन्न तौल भएका पोकाहरूबीच अनुमान गर्दै तुलना गराउने र वास्तविक रूपमा तौलेर पनि हेर्ने ।<br>९. यसलाई प्रतियोगिताको रुपमा पनि सञ्चालन गर्न सकिने । | विभिन्न तौलका पोका हेरी तौल अनुमान गर्ने अनि अनुमान गरेको तौल मिल्यो वा मिलेन तौलेर हेर्न सक्षम हुने |
| ७ | घडी हेरी घण्टा र मिनेटमा समय हेर्न र लेख्न लगाउने | घडी हेरी घण्टा र मिनेटमा समय हेर्न र लेख्न लगाउन | १. शिक्षकले विद्यार्थीलाई घडीको चित्र बनाइ आँफू उठ्ने समय,खाना खाने समय,विद्यालय जाने समय, विद्यालय छुट्टी हुने समय देखाउन लगाउने ।<br>२. शिक्षकले विद्यार्थी समक्ष वास्तबिक घडी देखाउँदै समय भन्न लगाउने । | घडी हेरी घण्टा र मिनेटमा समय हेर्न सक्षम हुने |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ३. विद्याथीहरूलाई समूहमा राखी शिक्षकले विद्यार्थीलाई स्थानीय सामाग्री (कुट ,बाँस आदि) को प्रयोग गर्दै घडी निर्माणमा सहजीकरण गर्ने ।<br>४. ४० यसरी तयार पारिएको घडीमा विद्यार्थीलाई आफैले घडीको<br>५. सेकेण्ड,मिनेट र घण्टा सुई चलाउँदै फरक फरक समय देखाउन लगाउने ।सबैभन्दा धेरै पटक सही समय मिलाउने विद्यार्थीलाई पुरष्कृत गर्ने । | |
| ८ | स्थानगत अवधारणा (भित्र,बाहिर) | स्थानगत अवधारणा (भित्र,बाहिर) | १. डोरीको गोलो घेरा बनाउने भित्र बाहिर खेल खेलाउने जोर संख्या भन्दा भित्र बिजोर संख्या भन्दा डोरीको गोलो घेरा भन्दा बाहिर जान लगाउने ।<br>२. यसलाई प्रतियोगितात्मक तरिकाले अगाडी बढाउन पनि सकिने । | स्थानगत अवधारणा (भित्र,बाहिर) मा सक्षम हुने |
| ९ | जोड गर्ने | वस्तुहरू प्रयोग गरी १० सम्म योगफल आउने जोड गर्न | १. अघिल्लो दिनमा सबै विद्यार्थीलाई आफ्नो वरपर पाइने सिजन अनुसारको १ १ वटा फलफुल लिएर/ आउन लगाउनेः जस्तै बेडुलोअम्बा ,आँप ,खनियो ,<br>२. तीन जना विद्याथीहरू खेलिरहेका थिए । १ जना अर्को विद्यार्थी थपिए । अब जम्मा कति जना विद्यार्थी भए भनी छलफल गराउने ।<br>३. कुनै तीन जना विद्यार्थीहरूलाई २/२ ओटा फलफुल दिने र केहि समय पछि तीनै जना विद्यार्थीसंग भएका फलफुलहरू एकै ठाउँमा जम्मा गर्न लगाउने र जम्मा कति फलफुल भए भनि सोध्ने ।<br>४. दुई खाले (एउटा हातमा ४/५ ओटा भन्दा बढी नअटाउने ठुलो आकारका चकलेटका दुई ओटा थुप्राहरू ५/ ७ ठाउँमा बनाउने जस्तै भन्ने ठाउँमा "ख" भन्ने ठाउँमा दुई ओटा थुप्रा छन् "क" भन्ने ठाउँमा पनि दुई ओटा थुप्रा छन यस्तै यस्तै गरी ५ "ग" पनि दुई ओटा थुप्रा छन्/ ७ ठाउँमा चकलेटका दुई ओटा थुप्राहरू बनाउने र विद्यार्थीहरूलाई एउटा थुप्रोबाट दाहिने हात र अर्कोथुप्रोबाट देब्रे हातले एकै पटक चकलेट लिन भन्ने र आपनो दुबै हातमा भएको चकलेटको सङ्ख्या जोडेर भन्न लगाउने सबै भन्दा पहिले मिलाउने विद्यार्थीलाई पुरष्कृत गर्ने । | वस्तुहरू प्रयोग गरी १० सम्म योगफल आउने जोड गर्न सक्षम हुने |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १० | जोर वा बिजोर संख्या छुट्ट्याउने | २० सम्मका गन्तिका संख्यालाई जोर वा बिजोर संख्या छुट्याउन। | १. विद्यार्थीहरूलाई आफ्नो कक्षामा भएका साथीहरूको नाम टिपोट गर्न लगाउने अनि आफ्ना परिवारका सदस्यहरूको बिचमा कुनै २/२ जनाको जोडी बनाउन लगाउने,क-कसकोमा जोडी बन्यो क-कसकोमा जोडी बनेन भनि शिक्षकले सोध्ने जोडी बनाउन सकेमा जोर र जोडी बनाउन नसकेमा वा बिजोडी भएमा बिजोर सङ्ख्या हुन्छ भनी शिक्षकले बताइदिने ।<br>२. शिक्षकले विद्यार्थीहरूलाई जोर र बिजोर खेल खेलाउने त्यसको लागि सङ्ख्या नदेखिने गरी १ देखि २० सम्म लेखिएका सङ्ख्यापत्ती चउर वा टेबलमा राख्न लगाउने । विद्यार्थीहरूलाई पालै पालो एउटा एउटा सङ्ख्यापत्ती थुत्न लगाउने ,थुत्दा आएको सङ्ख्या बराबरको ढुङ्गा वा गुच्चा लिएर २/२ ओटाको जोडी बनाउन लगाउने<br>३. जोडी बनाउन सकेमा जोर र जोडी बनाउन नसकेमा वा बिजोडी भएमा बिजोर सङ्ख्या हुन्छ भनेर शिक्षकले भनिदिने ।<br>४. बिङ्गो खेलको माध्यमबाट पनि जोर बिजोर खेलाउन सकिन्छ । | २० सम्मका गन्तिका संख्यालाई जोर वा बिजोर संख्या छुट्याउन सक्षम हुने |

तहःआधारभूत (कक्षा ४-५)

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | सरस्वती पूजाको बजेट निर्माण | तथ्याङ्कशास्त्रको व्यवहारिक प्रयोग | १. सरस्वती पूजाको कार्यक्रम प्रस्तुत गर्ने<br>२. उक्त कार्यक्रममा उठ्न सक्ने सहयोग र त्यसमा प्रयोग हुने सामग्रीको जानकारी दिने ।<br>३. उक्त सामग्रीको बजार मूल्यको पनि जानकारी गराउने<br>४. उल्लेखित सामग्री प्रयोग गरी बजेट निर्माण गर्न लगाउने<br>५. विषय वस्तु र कलाका हिसाबले उत्कृष्ट बजेटलाई पुरस्कृत गर्ने । | सानो योजनाको बजेट निर्माण गर्दै बजेट निर्माण सीपको विकास हुनेछ । |
| २ | जियोमेट्रिक पार्क निर्माण प्रतियोगिता | विभिन्न ज्यामितीय आकृतिको महत्वबोध | १. सरल ज्यमितीय आकृतिको प्रयोगबाट जियोमेट्रिक पार्क निर्माण गरिएको भिडियोहरू प्रदर्शन गर्ने<br>२. विद्यार्थीलाई पनि बनाउन लगाउने<br>३. विद्यार्थीको सिर्जनात्मकताको आधारमा पुरस्कृत गर्ने | ज्यामितीयआकृतिको प्रयोग गर्दै त्यसको प्रयोगबाट स्तरअनुसारको सिर्जनात्मक कार्यको शुरुवात हुनेछ । |
| ३ | अध्ययन समय तालिका निर्माण | समय तालिकाको धारणा स्पष्ट गर्दै दैनिक जीवनमा उपयोग | १. एउटा समय तालिकाको नमुना प्रस्तुत गर्ने<br>२. उनीहरूको सिर्जनात्मकता सहितको बिहान देखि<br>३. नसुत्दा सम्मको समय तालिका निर्माण गर्न लगाउने उत्कृष्ट समय तालिकालाई पुरस्कृत गर्ने | विद्यार्थीले समय तालिकाको ज्ञानको सहायताबाट आफुलाई उपयोगमा आउने अध्ययन समय तालिका निर्माण गर्न सक्नेछन । |
| ४ | भिन्नका चित्रात्मक मोडेल निर्माण | भिन्नको प्रयोगात्मक ज्ञान | १. भिन्नको सैद्धान्तिक अवधारणा स्मरण गराउने<br>२. कक्षामा प्राप्त गरेको भिन्नको ज्ञानलाई प्रयोग गरी विभिन्न भिन्नको चित्रात्मक मोडेल विभिन्न आकारमा आयतकार ), वृत्ताकार बनाउन लगाउने र तिनी (हरू बीच समतुल्यता तुलना गराउन लगाउने समय र कार्य दक्षताको आधारमा पुरस्कृत गर्ने | विद्यार्थीले भिन्नको धारणा प्रयोग गरी यस सम्बन्धमा विद्यार्थी आफु प्रष्ट हुन र साथीहरूको बीचमा सञ्चार गर्न सक्नेछन् । |
| ५ | ज्यामितीय उपकरणका मोडेल निर्माण | ज्यामितिमा नापका लागि आवश्यक उपकरण निर्माण | १. शिक्षकले आफुसँग भएको स्केल र चाँदको प्रदर्शन गर्ने<br>२. यस्तै सामग्री के विद्यार्थीले बनाउन सकिन्छ भनी छलफल चलाउने | ज्यामितिका नापसम्बन्धी कार्य गर्न स्केल र चाँदको निर्माण गर्न सक्नेछन् । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ३. निकै पातलो कागजलाई बर्गाकार रुपमा काट्ने र क्रमश पट्टयाउँदै १८० , ....,90क्रमश कोणहरू बन्दछन भन्ने धारणा विकास गर्ने ।<br>४. कागजबाट बनेको नमुना आकृतिलाई काठ बाक्लो कागज आदि (प्लाइबोर्ड) सामग्री दिई त्यसको प्रयोग गरी स्केल र चाँदको निर्माण गर्न लगाउने । | |
| ६ | समीकरण तराजुको निर्माण र प्रयोग | समीकरणको धारणालाई मुर्त रुप दिनु | १. शिक्षकले प्रयोगशालामा भएको तराजु प्रदर्शनगर्ने<br>२. उक्त तराजुको लागि आवश्यक सामग्री त्यसको बनोट र प्रयोगबारे छलफल चलाउने<br>३. त्यस्तै तराजु निर्माण र प्रयोग गर्न लगाउने<br>४. निर्माण र प्रस्तुतीकलाको आधारमा पुरस्कृत गर्ने | उपलब्ध सामग्रीको सहायताले विद्यार्थीले समीकरण तराजु निर्माण गरी त्यसको प्रयोग गर्न सक्नेछन । |
| ७ | स्तम्भ चित्रको निर्माण | तथ्याङ्कको प्रस्तुतीकरण | १. विद्यालयमा टाँसीएका स्तम्भचित्रहरू अवलोकन गर्न लगाउने<br>२. आफ्नो घरवरपरका विभिन्न व्यक्तिको पेशाको बारेमा तथ्याङ्क संकलन गर्न लगाउने त्यसलाई स्तम्भचित्रमा प्रस्तुत गर्न लगाउने<br>३. स्पष्टता र उपयुक्तताको आधारमा पुरस्कृत गर्ने | सरल तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गर्न सक्नेछन । |
| ८ | भिन्न, दशमलव र प्रतिशतको संयुक्त प्रस्तुति | चित्रात्मक प्रस्तुतिबाट भिन्न, दशमलव र प्रतिशतमा रुपान्तरण | १. शिक्षकले बोर्डमा एउटा भिन्नको चित्र बनाउने<br>२. त्यसलाई भिन्न, दशमलव र प्रतिशतमा रुपान्तर गरेर उदाहरण प्रस्तुत गर्ने<br>३. त्यस्तै ५ वटा चित्र विद्यार्थीलाई समहूगत रुपमा बनाउन लगाउने ।<br>४. उक्त चित्रहरूलाई भिन्न, दशमलव र प्रतिशतमा रुपान्तरण गर्न लगाउने र समूहगत रुपमा पुरस्कृत गर्ने | विद्यार्थीले चित्रबाट विभिन्न भिन्नहरूको निर्माण गरी तिनीहरूलाई भिन्न, दशमलव र प्रतिशतमा रुपान्तरण गर्न सक्नेछन । |
| ९ | समीकरणको निर्माण र समाधान | समीकरण निर्माण र समाधान सम्बन्धि सीपको विकास | १. रु ,१ को सिक्का.रु ५ र रु१० का नोट.हरू ,को प्रयोगले जोड्नघटाउन र गुणान गर्नका लागि अभ्यास गराउनेयसका लागि विभिन्न अभ्यास ,हरूगराउने ।<br>२. शिक्षकले गणितका चार साधारण नियमको प्रयोग हुने विभिन्न समीकरण निर्माण गरी समाधान गर्न सिकाउने<br>३. त्यस्तै समीकरण विद्यार्थीलाई बनाउन लगाउने | विद्यार्थीले जोड, घटाउ, गुणन र भाग संलग्न विभिन्न समीकरण निर्माण गरी समाधान गर्न सक्नेछन् । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ४. निर्मित समीरणलाई हल गर्न लगाउने व्यक्तिगतउत्कृष्टताको आधारमा पुरस्कृत गर्ने । | |
| १० | गणित हाजिरीजवाफ प्रतियोगिता | कक्षा ४,५ को समग्र विषयवस्तुको स्मरण | १. एउटा कक्षा वा सिकाइ तहका विद्यार्थीलाई स्तरअनुसार चार समुहमा विभाजन गर्ने<br>२. हाजिरीजवाफ प्रतियोगिताका नियमहरू स्मरणगराउने<br>३. शिक्षक निर्मित प्रश्नको आधारमा प्रतियोगिता सञ्चालन गर्ने<br>४. उत्कृष्ट समुहलाई पुरस्कृत गर्ने | गणितका सबै क्षेत्रबाट छोटो उत्तर आउन सक्ने प्रश्नको उत्तर दिने क्षमताको विकास हुनेछ । |

तहः आधारभूत (कक्षा ६-८)

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | समूह छुट्याउने खेल | समूहको निर्माण गर्न | १. अघिल्लो दिनमा विद्यार्थीहरूलाई स्थानीय स्तरमा उपलव्ध हुने खेलकुदका सामग्री , विभिन्न विरुवाका पात ,खानेकुरा ,फलफुलहरूलगाएत विभिन्न प्रकारका सामग्री हरू लिएर आउन जानकारी गराउने ।<br>२. विभिन्न गुण भएका वस्तुहरू एक ठाउँमा संकलन गर्न विद्यार्थीहरूलाई लगाउने ।<br>३. गुणको आधारमा राम्रोसँग परिभाषित धेरै समूह बनाउने प्रतियोगिता संचालन गर्ने | समूह निर्माणमा सिर्जनात्मकताको विकास हुनेछ । |
| २ | समूहको वर्गीकरण | समूहको वर्गीकरण गर्न | १. भलिवल, वास्केटवल जस्ता खेल राम्रो अक्षर ,गीत गाउन जान्ने ,कविता लेख्न जान्ने , टाढा घर भएका ,नजिक घर भएका ,भएकाविद्यार्थीहरूको समूह बनाई नाम टिप्ने ।<br>२. कुनै विद्यार्थीहरूले दुवै प्रकृतिका क्षमता वा भाग लिएमा खप्टिएको समूह हुनाले खप्टिएको र नखप्टिएको सोही बमोजिम अभ्यास गराउने ।<br>३. भलिवलमा भाग लिएको विद्यार्थीले वास्केटवल खेलमा भाग लिएको छैन भने अलग्गिएको समूह हुनाले एउटै समयमा दुवै खेल गराउन पनि सकिने । | समूहको वर्गीकरणको व्यावहारिक सीप विकास गर्न सक्षम हुनेछन् । |
| ३ | अनुपातको दैनिक जीवनमा प्रयोग | अनुपातको धारणा निर्माण गर्न | १. दिवा खाजाको तालिका अनुसार खिर बनाउदा प्रयोग हुने दुध,चामल र चिनीको परिमाण सोधेर सहि अनुपात पत्ता लगाउन विद्यार्थीलाई प्रोत्साहन गर्ने ।<br>२. घरको ढलानमा मिसाईने कंक्रिट,सिमेन्ट र वालुवाको अनुपात पत्ता लगाई कक्षाकोठामा प्रस्तुत गर्न विद्यार्थीलाई प्रोत्साहित गर्ने । | अनुपातलाई दैनिक जीवनमा प्रयोग गर्न सक्षम हुनेछन् । |
| ४ | प्रतिशतको उपयोग | प्रतिशतको उपयोग गर्न | १. विद्यार्थीलाई चार समूहमा विभाजन गर्ने ।<br>२. आफ्नो कक्षाका जम्मा विद्यार्थी, छात्र, छात्रा संख्या,उपस्थित संख्या, अनुपस्थित संख्या गन्न लगाउने<br>३. माथिको तथ्याङ्कका आधारमा छात्र,छात्रा, उपस्थित, अनुपस्थित प्रतिशत पत्ता लगाउने<br>४. प्रतियोगितात्मक क्रियाकलाप गराउने । | तथ्याङ्क पत्ता लगाई दैनिक जीवनमा प्रतिशतको प्रयोग गर्न सक्षम हुनेछन् । |
| ५ | सपिङ | छुट लिएर सामान खरिद गर्न | १. विद्यार्थी संख्याको आधारमा ४/५ समूह विभाजन गर्ने ।<br>२. नजिकैको पसलमा गई विभिन्न छुट, छुटका अवस्थाहरू संकलन गर्न लगाउने। | छुटको प्रयोग दैनिक जीवनका किनमेलमा गर्न सक्षम हुनेछन् । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ३. छुटपछिको मुल्य पत्ता लगाउने प्रतियोगितात्मक क्रियाकलाप संचालन गर्ने । | |
| ६ | व्यापार व्यावसाय | नाफा नोक्सान पत्ता लगाउन । | १. दैनिक उपभोग गर्ने तरकारी वा फलफुलको नाम, क्रय मूल्य, विक्रय मुल्य दिने ।<br>२. नाफा, नोक्सान रकम तथा प्रतिशत पत्ता लगाउने<br>३. हिसाव दौड प्रतियोगिता संचालन गर्ने | नाफा नोक्सान पहिचान गरि नाफामुखी व्यापार व्यवसाय संचालन गर्न सक्षम हुनेछन् । |
| ७ | प्रत्यक्ष र अप्रत्यक्ष बिचरण | प्रत्यक्ष र अप्रत्यक्ष विचरण पहिचान गरि समस्या समाधान गर्न | १. विद्यार्थीहरूलाई नजिकैको पसलमा लगेर किन्नुपर्ने सामानको संख्या वढाउदै वा घटाउदै लैजादा तिर्नुपर्ने मुल्यमा पर्ने असर बीचको सम्वन्धका आधारमा प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरणको वास्तविक पहिचान गराउने ।<br>२. विद्यार्थीलाई सरसफाईको लागि निश्चित क्षेत्र तोकी विद्यार्थी संख्याको आधारमा लाग्ने समयको हिसाव गर्न लगाई प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरणको वास्तविक पहिचान गराउने । | प्रत्यक्ष र अप्रत्यक्ष विचरण पहिचान गरि व्यवहारिक समस्या समाधान गर्न सक्षम हुनेछन् । |
| ८ | व्याज प्रणाली | साधारण व्याजका सामान्य समस्या हल गर्न | १. नजिकैको वित्तिय संस्था वा वैंकमा छोटो भ्रमण गरि वा उक्त संस्थाका प्रतिनिधि र विद्यालयका शिक्षक विद्यार्थीहरू बीच साधारण व्याजको विषयमा अन्तक्रिया कार्यक्रम आयोजना गर्ने | साधारण व्याजको ज्ञानबाट घरयासी तथा वैंकिङ कारोवार गर्न सक्षम हुनेछन् |
| ९ | नापजाँच तथा हिसाब | चर्तुभुजाकार क्षेत्रको परिमिति र क्षेत्रफलको अवधारणा दिन | १. विद्यार्थीहरूको ४/५ समूह निर्माण गर्ने<br>२. वास्केटबल, भलिबल, टेवल टेनिस मैदानको लम्वाई ,चौडाई टेपले नापेर परिमिति र क्षेत्रफल निकाल्ने प्रतियोगिता संचालन गर्ने<br>३. मैदान नभएका विद्यालयहरूमा कक्षाकोठा कै भुईको क्षेत्रफल, सेतो वा कालोपाटीको क्षेत्रफल पत्ता लगाउने प्रतियोगिता संचालन गर्ने | चर्तुभुजाकार क्षेत्रका परिमिति र क्षेत्रफलको अवधारणा दैनिक जीवनमा प्रयोग गर्न सक्षम हुनेछन् । |
| १० | त्रि–आयामिक वस्तुको आयतन | घन र षड्मुखाको आयतन पत्ता लगाउन | १. विद्यार्थीहरूको समूह निर्माण गरी कक्षाकोठा, चकको वट्टा, काटुन आदिको लम्वाई, चौडाई र उचाई टेप वा स्केलले नापेर आयतन निकाल्ने प्रतियोगिता संचालन गर्ने | घन र षड्मुखाको आयतनको अवधारणालाई व्यवहारिक रुपमा प्रयोग गर्न सक्षम हुनेछन् । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| ११ | बगैंचा निर्माण | ज्यामितिय आकृतिहरूको प्रयोग गरि वगैंचा निर्माण गर्न | १. विद्यालयको वगैंचा निर्माण गर्न एउटा कक्षाका विद्यार्थीहरूको एउटा समूह बनाउने<br>२. प्रत्येक कक्षालाई फरक फरक ज्यामितिय आकृतिहरू निर्माण गरि फूलका वेर्नाहरू रोप्न लगाउने जुन कक्षाको उत्कृष्ट वगैंचा हुन्छ त्यो कक्षालाई पुरस्कृत गर्ने । | ज्यामितिलाई व्यवहारिक रुपमा प्रयोग गर्न सक्षम हुनेछन् । |
| १२ | जाली निर्माण | घन, षड्मुखा, टेट्राहेड्रन, सोली र वेलनाका जाली निर्माण | १. विद्यार्थीहरूलाई चार्टपेपरमा घन, षड्मुखा, टेट्राहेड्रन, सोली र वेलनाका जाली तयार पारी ठोस वस्तुको निर्माण गर्न लगाउने<br>२. ठोस वस्तु निर्माण कार्यलाई प्रयोगात्मकको अंकसँग पनि जोड्ने । | ठोस वस्तुहरूको धारणा निर्माणलाई घरयासी निर्माणसँग जोड्न सक्नेछन् । |
| १३ | तथ्याङ्क संकलन र प्रस्तुतीकरण | बहुस्तम्भ चित्र तथा वृत्तचित्र निर्माण गर्न | १. विद्यार्थीहरूको ४÷५ समूह निर्माण गर्ने ।<br>२. विद्यार्थीहरूलाई विद्यालयका कक्षा नर्सरीदेखि १२ सम्मका छात्र, छात्रा, जम्मा कक्षागत विद्यार्थी विवरण संकलन गर्न लगाउने ।<br>३. उपरोक्त विवरणलाई छात्र, छात्रा तथा जम्मा तिनवटा फरक फरक रङ प्रयोग भएको वहुस्तम्भ चित्र वनाउन लगाउने<br>४. नर्सरीदेखि कक्षा १२ सम्मका १३ वटा वृत्त चित्र वनाइ कक्षागत विवरणलाई वृत्तचित्रमा आर्कषक रङ, संकेत सहित प्रस्तुत गर्न लगाउने<br>५. उत्कृट समूहलाई पुरस्कृत गर्दै विद्यालयको कार्यालय, स्टाफ कोठा, कक्षाकोठामा टाँस्ने । | बहुस्तम्भ चित्र तथा वृत्तचित्र निर्माणबाट तथ्याङ्क विश्लेषण गर्न सहज हुनेछ । |
| १४ | विद्यालय परिसरमा गणितको प्रयोग | गणितलाई रोचक बनाउन | १. गणितलाई निरस विषय हो भन्ने गलत धारणालाई चिर्न वरिपरिको वातावरण, भवन, खेल मैदान आदिमा भएका विभिन्न गणितिय प्रयोगहरू पत्ता लगाउने खेल खेलाई रोचक बनाउने । | गणितलाई रोचक विषयको रुपमा प्रयोग गर्न सक्षम हुनेछन् । |
| १५ | गणितिय गित, कविता, कथा, चुट्किला र गणितिय Apps | गणितलाई सलर बनाउन | १. विद्यार्थीहरूको ४/५ समूह निर्माण गर्ने ।<br>२. उदाहरणको रुपमा समूहलाई गुणन तालिका लयात्मक तरिकाले गाउन लगाउने साथै उत्कृष्टलाई पुरस्कृत गर्ने । | गणितलाई सरल विषयका रुपमा उपयोग गर्न सक्षम हुने । |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | २. त्यसरी नै विभिन्न कक्षाका विभिन्न समूहलाई गणितिय गित, कविता, कथा, चुट्किला र गणितिय बउउक आदि मनोरञ्जनात्मक तथा गणित उपयोगी Talent show प्रस्तुत गर्न लगाउने साथै उत्कृष्टलाई पुरस्कृत गर्ने । | |

तहःमाध्यमिक  (कक्षा ९-१२)

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| १ | दुइ समूहसंग सम्बन्धित तथ्याङ्क संकलन र भेनचित्रमा प्रस्तुतीकरण | समूह क्रिया र गणनात्मता सम्बन्धी व्यहारिक समस्याको समाधान गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. दई समूहसंग सम्बन्धित समस्या दिने र सो सम्बन्धी तथ्यांकसंकलन गर्न निर्देशन गर्ने<br>३. हरेक समूहलाई समुदायमा परिचालित गर्ने<br>४. संकलित तथ्यांकको आधारमा २ वटा समूहको क्रिया गर्नलगाउने<br>५. समूहलाई भेन चित्रमा प्रस्तुत गर्न लगाउने<br>६. प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न समय प्रदान गर्ने | समूह र व्यवहारिक जीवनको संम्बन्ध स्थापित गर्न |
| २ | तीन समूहसंग सम्बन्धित तथ्याङ्क संकलन र भेनचित्रमा प्रस्तुतीकरण | समूह क्रिया र गणनात्मता सम्बन्धी व्यहारिक समस्याको समाधान गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. तीन समूहसंग सम्बन्धित समस्या दिने र सो सम्बन्धी तथ्यांक संकलन गर्न निर्देशन गर्ने<br>३. हरेक समूहलाई समुदायमा परिचालित गर्ने<br>४. संकलित तथ्यांकको आधारमा ३ वटा समूहको क्रिया गर्न लगाउने<br>५. समूहलाई भेन चित्रमा प्रस्तुत गर्न लगाउने<br>१. ६ प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न समय प्रदान गर्ने . | समूह र व्यवहारिक जीवनको संम्बन्ध स्थापित गर्न |
| ३ | बैंकिङ साक्षरता | बैंकिङ कारोवारमा दखलता प्रदर्शन गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. स्थानीय बैंकको १/२ जना कर्मचारीलाई Guest Lecturer को रुपमा विद्यालयमा आमन्त्रण गर्ने वा विद्यालय रहेको नजिकको बैंक वा सहकारीमा विद्यार्थी समूहलाई भिजिट गर्न लगाउने<br>३. बैंकिङ कार्यक्रमको ब्रोसर र बैंक व्याज दरको ब्रोसर अध्ययनमा संलग्न गराउने<br>२. क्रमशः बैंक खाता खोल्ने फाराम,बैंकभौचर र चेकबुक भर्न लगाउने | बैंकिङ कारोवार गर्न स्वयं सक्षम भएको हुने |

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| ४ | जनसंख्या स्थिति | सामाजिक जीवनमा जनसंख्याको वास्तविक स्थिति (जन्म मृत्यू र बसाइसराइ) पत्ता लगाउनु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. समूहलाई विद्यालय नजिकको समूदायमा परिचालित गरी १ वर्ष पहिलेको जनसंख्या, १ वर्ष भित्रमा उक्त समुदायमा जन्मेका मानिसको संख्या, बसाइ सरेर अन्यत्र गएका मानिसको संख्या र मृत्यू भएका मानिसको संख्या टिपोट गर्न लगाउने<br>३. संकलित तथ्यांकको आधारमा उक्त समूदायको जनसंख्या स्थिति पत्ता लगाउन प्रेरित गर्ने<br>४. प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न समय प्रदान गर्ने | सामाजिक रुपमा जनसंख्याको वास्तविक स्थिति गणना गर्न सक्षम भएको हुने |
| ५ | दैनिक प्रयोग सामग्रीका बिल अर्धयन र निर्माण | बिजुली, पानी, टेलिफोन र ट्याक्सीको बिल अध्ययन र निर्माण सीप विकास गर्नु | १. अघिल्लो दिनमा नै विद्यर्थीहरूलाई बिजुली र पानीसँग सम्बन्धित पूराना बीलहरू लिएर आउन जानकारी गराउने ।<br>२. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह निर्माण गर्ने<br>३. हरेक समूहलाई बिजुली, पानीको बील अध्ययनका लागि उपलब्ध गराउने<br>४. बिल अध्ययनको आधारमा बिजुली, पानीको Unit सम्बन्धमा छलफल गराउने<br>५. सोही प्रकारको बिलको ढाँचा निर्माण सीप विकास गराउने<br>६. आफ्नो घरमा बिजुली, पानी, टेलिफोनको प्रयोग गरे वापत मासिक र बार्षिक रुपमा के कति खर्च हुने रहेछ त्यसको आंकलन गर्न लगाउने<br>७. बिजुली, पानी, टेलिफोनको बिलमा लाग्ने छुट, विलम्ब शुल्क, मूल्य अभिवृद्धि कर र सेवाशुल्क आदीको छलफल गरी आवश्यक शुल्क निकाल्न लगाउने<br>८. प्राप्त निस्कर्षलाई कक्षामा प्रस्तुत गर्न लगाउने | दैनिक जीवनमा प्रयोगमा आउने बिजुली, पानी, टेलिफोन र ट्याक्सीको बिल अध्ययन र निर्माण सीप विकास गरीलागत गणना गर्न सक्षम हुने |
| ६ | मुद्रा विनिमय | वैदेशिक मुद्रा<br><br>र नेपाली मुद्राको तुलना गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. हरेक समूहलाई नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विगत १५ दिन देखिको मुद्रा विनिमय दर तालिका Download गरी अध्ययन गर्न लगाउने<br>३. तालिका अध्ययनको आधारमा नेपाली मुद्रा र विदेशी मुद्राको सटही स्थिति तुलना गर्न प्रेरित गर्ने<br>४. मुद्रा सटही प्रक्रिया पत्ता लगाउन लगाउने | विभिन्न देशको मुद्रा र नेपाली मुद्राको तुलना गरी मूल्य विनिमयदरको स्थिति पत्ता लगाउन सक्षम हुने |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| | | | ५. नेपाली मुद्राको मूल्यवृद्धि र अवमूल्ययन हुँदाको चार्ट अध्ययन गराइ नेपाली मुद्राको मूल्यवृद्धि र अवमूल्ययन हुँदाको फरकपनमा पोख्त पार्ने<br>६. प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न समय प्रदान गर्ने | |
| ७ | गणितीय पार्क निर्माण | गणितीयसामग्री निर्माण सम्बन्धि सीप विकास गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह निर्माण गर्ने<br>२. समूहगत रुपमा क्षेत्रमिति अन्तर्गत त्रिभुज, वर्ग, वृत्त, वेलना, वर्गकार पिरामीडर सोली जस्ता सामग्रीहरू निर्माण गर्नमा शिक्षकले सहजीकरण गर्ने<br>३. निर्मित सामग्रीहरूको एकिकृत रुपमा क्षेत्रमिति अन्तर्गतको गणितीय पार्क निर्माण गर्न लगाउने<br>४. गणितीय पार्कको सम्बन्धमा कक्षामा प्रस्तुतीकरण गर्न लगाउने | गणितीय धारणासंग सम्बन्धित आवश्यक सामग्री निर्माण र प्रयोग गर्न सक्षम हुने |
| ८ | घरको चौकुना निर्माण | निर्माण कार्यमा गणितको प्रयोग गर्नु | १. विद्यार्थी संख्याको आधारमा ६/६ जनाको समूह निर्माण गर्ने<br>२. हरेक समूहलाई खुला स्थानमा लैजाने<br>३. मापन फिता, बाँसका सिन्का तथा घोचार धागोको प्रयोग गरेर उक्त खुला स्थानमा वर्गकार र आयतकार आधार भएको घरको चौकुना निर्माण गर्ने कार्यमा संलग्न गराउने<br>४. घरको चौकुना निर्माणमा सहजीकरणका लागि मिस्त्री तथा वार्ड कार्यालयका ओभरसियरलाई Guest Teacher को रुपमा आमन्त्रणा गर्ने<br>५. सिकेका विषयवस्तुलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउने | गणितीय धारणालाई कामको संसारसंग जोड्न सक्षम हुने |
| ९ | भलिबल,व्याडमिन्टन र वास्केटबल कोर्ट निर्माण | खेल क्षेत्रमा गणितको प्रयोग गर्नु | १. विद्यार्थी संख्याको आधारमा ६/६ जनाको समूह निर्माण गर्ने<br>२. हरेक समूहलाई खुला स्थानमा लैजाने<br>३. मापन फिता, बाँसका सिन्का तथा घोचार धागोको प्रयोग गरेर उक्त खुला स्थानमा भलिबल,व्याडमिन्टन र वास्केटबल कोर्ट निर्माण गर्ने कार्यमा संलग्न गराउने<br>४. कोर्ट निर्माणमा सहजीकरणका लागि खेल शिक्षक तथा वार्ड कार्यालयका ओभरसियरलाई Guest Teacher को रुपमा आमन्त्तणा गर्ने | गणितीय धारणालाई खेलको तथा कामको क्षेत्रसंग जोड्न सक्षम हुने |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| | | | ५. सिकेका विषयवस्तुलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउने | |
| १० | इनार निर्माण र आयतन | निर्माण कार्यमा गणितको प्रयोग गर्नु | १. विद्यार्थी संख्याको आधारमा ६/६ जनाको समूह  निर्माण गर्ने<br>२. हरेक समूहलाई खुला स्थानमा लैजाने<br>३. गल, गैची, सावेल, कोदालो, तसला,र मापन फिताको प्रयोग गरी करिब २ मीटर गहिरो र १ मीटर व्यास भएको इनार खन्न<br>४. लगाउने<br>५. इनारको गहिराइ र व्यास मापन गरी त्यसको क्षमता पत्ता लगाउन लगाउने<br>६. प्राप्त निस्कर्षको बारेमा कक्षामा खुला प्रस्तुतीकरणको समय प्रदान गर्ने | गणितीय धारणालाई कामको संसारसंग जोड्न सक्षम हुने |
| ११ | कोठाको कार्पेटिङ र लागत अनुमान | सजावटको क्षेत्रमा गणितको प्रयोग र  लागत अनुमान गर्नु | १. विद्यार्थी समूहलाई नजिको पसलबाट कार्पेट वा कागज वा म्याट किनेर ल्याउन लगाउने<br>१. विद्यार्थीलाई एक वा दुइ वटा कोठामा कार्पेट वा कागज वाम्याट विच्छ्याउन अभ्यस्त गराउने<br>२. विच्छ्याइएको लागत मूल्य निर्धारण गर्न लगाउने<br>३. ४ त्यसै गरी ४ भित्ता र सिलिङमा रङ लगाउने कार्य गराइ त्यसको . लागत मूल्य पनि निर्धारण गर्न लगाउन सकिन्छ । | गणितीय धारणालाई कामको संसारसंग जोड्न सक्षम हुने |
| १२ | सिंढी निर्माण | दैनिक जीवनमा अनुक्रमको प्रयोग गर्नु | १. विद्यार्थी संख्याको आधारमा ६/६ जनाको समूह  निर्माण गर्ने<br>२. विभिन्न भवनहरूमा बनेका सिंढीको अवलोकन गराउने<br>३. हरेक समूहलाई  प्लाइवोर्ड वा बाक्लो कुट, सिकर्मी सामग्री,फेविकोल, काँटी, लगाउने रंग उपलब्ध गराउने<br>४. विद्यार्थी समूहलाई सिंढी निर्माणको कार्य गराउने<br>५. बनेको सिंढी र समानान्तर श्रेणीको सम्बन्ध स्थापित गराउने<br>६. ६प्राप्त निस्कर्षलाई कक्षामा प्रस्तुत गर्ने समय प्रदान गर्ने . | |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| १३ | क्वीजनायर्स रड निर्माण | सामग्रीको प्रयोग मार्फत समानान्तरीय अनुक्रमको योगफल निकाल्नु | १. सबै विद्यार्थीहरूलाई चार्ट पेपरचोया जस्ता सामग्री/कुट/लिस्टि/हरू लिएर आउन जानकारी गराउने<br>२. विद्यार्थी संख्याको आधारमा ६/६ जनाको समूह निर्माण गर्ने<br>३. आफूसँग भएका सामग्रीबाट १ ईन्च ,२ ईन्च ,३ ईन्च १० ईन्चका........ टुक्राहरूबनाउन लगाउने<br>४. हरेक समूहलाई उपलव्ध सामग्री, सिकर्मी सामग्री, फेविकोल, काँटी, लगाउने रंग उपलब्ध गराउने<br>५. उपलब्ध सामग्रीको आधारमा क्वीजनायर्स रड निर्माणमा अभ्यस्त गराउने ।<br>६. क्वीजनायर्स रड र सामानान्तरी श्रेणीको योगफलको सम्बन्ध स्थापित गराउने<br>७. प्राप्त निस्कर्षलाई कक्षामा प्रस्तुत गर्ने समय प्रदान गर्ने | |
| १४ | ज्यामितीय पार्क निर्माण | ज्यामितिलाई मोडेलको रुपमा प्रदर्शन गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह निर्माण गर्ने<br>२. समूहगत रुपमा ज्यामिति अन्तर्गत त्रिभुज, वर्ग, आयत, वृत्त,समानान्तर चतुर्भुज, सआदी जस्ता सामग्री .च.ल.हरू निर्माण गर्नमा शिक्षकले सहजीकरण गर्ने<br>३. निर्मित सामग्रीहरूको एकिकृत रुपमा ज्यामिति अन्तर्गतको गणितीय पार्क निर्माण गर्न लगाउने<br>४. गणितीय पार्कको सम्बन्धमा कक्षामा प्रस्तुतीकरण गर्न लगाउने । | |
| १५ | ज्यामितीय आकृतिको क्षेत्रफल निकाल्ने | ज्यामितिलाई वास्तविक जीवनमा प्रदर्शन गर्नु | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह निर्माण गर्ने<br>२. हरेक समूहलाई ब्लुप्रिन्ट नक्सा, फाइल नक्सा प्लटिङवलाजग्गा उपलब्ध गराउने<br>३. उक्त जग्गाको क्षेत्रफल निकाल्न लगाउने<br>४. उपलब्ध भए सम्म थप सिकाइका लागि विद्यालय नजिक रहेको नापी शाखाको अमिनलाई Guest Teacher को रुपमा आमन्त्रणा गर्ने | |


| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| | | | ५. प्राप्त निस्कर्षको बारेमा कक्षामा खुला प्रस्तुतीकरणको समय प्रदान गर्ने । | |
| १६ | तथ्यांक संकलन, प्रस्तुतीकरण र विश्लेषण | विविध तथ्यांक संकलन गरी विश्‍लेषणका साथ वास्तविक निष्कर्षमा पुग्नु | १. १.विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह निर्माण गर्ने<br>२. हरेक समूहलाई विधिन्न समूहायमा परिचालि गरी समुदायमा बसोबास गरेका मानिसहरूको उमेर, पारिवारिक संख्या, आम्दानीको अवस्था आदी सम्बन्धमा तथ्यूक संकलन गर्न लगाउने<br>३. प्राप्त तथ्यांकलाई तालिकीकरण गर्न लगाउने<br>४. प्राप्त तथ्यांकलाई वृत्तचित्र, बारग्राफ वा संचित बारम्बारता रेखामा प्रस्तुत गर्न लगाउने<br>५. प्राप्त तथ्यांकको मध्यक, मध्यिका, रीत, विस्तार, चतुर्थाम्स, मध्यक भिन्नता र स्तरीय भिन्नता निकाल्न लगाउने<br>६. मध्यक, मध्यिका, रीत, विस्तार, चतुर्थाम्स, मध्यक भिन्नता र स्तरीय भिन्नताको उपयोगिता सम्बन्धमा प्रतिवेदन समेत तयार गर्न लगाउने<br>७. प्राप्त निस्कर्षको बारेमा कक्षामा खुला प्रस्तुतीकरणको समय प्रदान गर्ने | |
| १७ | खेल खेलाइ | ताससंग सम्बन्धित विभिन्न खेल खेल्नु | १. विद्यार्थी संख्या र तासमा खेलिने खेलको आधारमा उपयुक्त विद्यार्थी संख्याको समूह निर्माण गर्ने<br>२. तास सम्बन्धी विभिन्न खेल खेल्नको लागि प्रेरित गर्ने जस्तै Marrige etc. जस्ले विद्यार्थीहरू बौद्धिक क्षमता उकास्न सहयोग गरोस् ।<br>३. खेलविधिको बारेमा चार्ट निर्माण गर्न लगाउने,<br>४. निर्मित चार्टलाई कक्षामा प्रस्तुत गर्न लगाइ थप छलफल गराउने<br>५. नखेल्नु जुवा र तास,गीत गाउन लगाउने....<br>६. भोलिपल्ट यससँग सम्बन्धित साहित्यीक रचना तयार गरी प्रस्तुत गर्न लगाउने । | |

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| १८ | उचाइ मापन यन्त्र निर्माण | हिप्सोमिटर र क्लिनोमिटर निर्माण गर्नु | १.विद्यार्थी संख्याको आधारमा ४/४ जनाको समूह निर्माण गर्ने<br>२. हरेक समूहलाई प्लाइवोर्ड वा कुट, सिकर्मी सामग्रीहरू, रंगीन चार्टपेपर, कैची, धागो र गम उपलब्ध गराउने<br>३. उपलब्ध सामग्रीको आधारमा हिप्सोमिटर र क्लिनोमिटर निर्माणमा अभ्यस्त गराउने<br>४. हिप्सोमिटर र क्लिनोमिटर प्रयोग गरी कुनै पनि वस्तुको उचाइ र दूरी मापनबीचको सम्बन्ध स्थापित गराउने<br>५. प्राप्त निस्कर्षलाई कक्षामा प्रस्तुत गर्ने समय प्रदान गर्ने | |
| १९ | उचाइ र दूरी मापन | अग्लो रुख वा पहाडको उचाइ पत्ता मापन गर्नु | १. विद्यार्थीहरूलाई कुनै अग्लो घरको नजिक लैजाने<br>२.उचाइ मापन यन्त्रहिप्सोमिटर वा क्लिनोमिटरको प्रयोग गरी<br>उक्त अग्लो घर भन्दा केही परको दूरीबाट मापन गर्न लागिएको वस्तुको टुप्पोमा अवलोकन गर्न लगाउने<br>३. अग्लो घर र अवलोकनबीचको दूरी फिताको प्रयोग गरी मापन गर्ने<br>४. प्राप्त नाप र कोणको आधारमा उक्त अग्लो घरको उचाइ मापन गरेर देखाउने<br>५. घरमा त सजिलैसंग चढ्न सकिने भएकाले घरको छतबाट जमीनसम्म फिताले वास्तविक रुपमा नापेर पनि देखाउने<br>६. न. ४ र ५ को मापन समान भए नभएको बारेमा छलफल चलाउने<br>७. अब विद्यार्थीहरूलाई समूहमा विभाजन गरी माथि गरे जस्तै कार्य पोल वा घर वा पहाड वा अग्लो रुखको नाप पत्ता लगाउन प्रेरित गर्ने | |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्बर्ष |
|---|---|---|---|---|
| | | | ८. प्राप्त निस्कर्षलाई कक्षामा प्रस्तुत गर्ने समय प्रदान गर्ने | |
| २० | निर्मित भवनमा गणितको प्रयोग | निर्मित संरचनामा गणितको प्रयोग पक्ष पत्ता लगाउनु | १. विद्यार्थीहरूलाई ५/५ जनाको समूहमा विभाजन गर्ने<br>२. विद्यालय नजिक रहेको कलात्मक भवन वा मन्दिर वा दरबारको भ्रमणमा लैजाने<br>३. Visit गरिएका भवनमा गणितको प्रयोग के कसरी भएको छ विविध पक्षको टिपोट गर्न लगाउने<br>४. प्राप्त टिपोटको आधारमा प्रतिवेदन तयार गरी हरेक समूहलाई आफूले Visit गरेको भवनमा प्रयोग भएको गणितीय पक्षको प्रतिवेदन प्रस्तुत गर्न लगाउने | |


| क्रस | क्रियाकलापको नाम | उद्देश्य | विधि | |
|---|---|---|---|---|
| २१ | चक्रवृद्धि ब्याजको लागि अनुक्रम र श्रृंखला। | दैनिक प्रयोगमा अनुक्रमको लिङ्किङ | विद्यार्थीहरूलाई 5 समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीहरूलाई चिठ्ठा छनोट गर्न भन्नुहोस् जहाँ विभिन्न मूल र मासिक वा त्रैमासिक दरहरू छन्। तिनीहरूलाई कम्तिमा १० वर्षको अनुक्रम र श्रृङ्खलाहरू उत्पन्न गर्न सोध्नुहोस् र अनुक्रम र शृङ्खला सूत्र प्रयोग गरी कुल ब्याज र रकम गणना गर्न सोध्नुहोस्।<br>Homework: Take a square of arbitrary measure assuming its area is one square unit. Divide it in to<br>four equal parts and shade one of them. Again take one not shaded part of that square and | कक्षा ९ र १० मा पढिएको कम्पाउण्ड ब्याजको सूत्र कक्षा ११ र १२ को क्रम र श्रृङ्खलासँग सम्बन्धित छ। |

| | | | | |
|---|---|---|---|---|
| | | | shade one fourth of it. Repeat the same process continuously and find the area of the<br><br>shaded region. (First project work of the curriculum of class 11) | |
| २२ | logic gates | व्यावहारिक जीवनमा logic gates जोड्नुहोस् | तर्क गेट सर्किटहरू प्रयोग गरेर संयोजन र विच्छेदको सत्य मानहरू। तिनीहरूलाई विभिन्न समूहहरूमा निर्माण गर्न भन्नुहोस्। तलको लिङ्कमा इन्टरनेटबाट vodios देखाउनुहोस्।<br><br>https://www.youtube.com/watch?v=zcsmHkKJgbE<br><br>(Second project work of the curriculum of class 11) | 'लजिक गेट्स' दैनिक जीवनमा धेरै उपयोगी छन्। |
| २३ | Model of sine and cosine fuctions | 'sine' र 'cosine' प्रकार्यहरूको प्रयोग | 'sine' र 'cosine' को मानहरू चित्रण गर्न मोडेल तयार गर्नुहोस् ।<br><br>https://www.youtube.com/watch?v=UrBZsUBibtk<br><br>($4^{th}$ project work of the curriculum of class 11) | 'sine' र 'cosine' को हाम्रो दैनिक जीवनमा बहुविध प्रयोग हुन्छ। |
| २४ | Model of $sin^{-1}x$ and $cos^{-1}x$. | त्रिकोणमिति को inverse functions को प्रयोग | 'sinx' र 'cosx' को मोडेल तयार गर्नुहोस्।<br><br>त्यहाँ व्युत्क्रम प्रकार्यहरूको व्युत्क्रम प्रयोगको धेरै प्रयोगहरू छन् र क्यामेरा क्यालिब्रेसनमा व्युत्क्रम प्रकार्यको प्रयोगको लिङ्क दिइएको छ।<br><br>https://www.youtube.com/watch?v=GUbWsXU1mac<br><br>($5^{th}$ and $6^{th}$ project work of the curriculum of class 11) | वास्तविक जीवनमा गणित प्रयोग गर्नुहोस् |
| २५ | Model of conics | To relate conics to real life | बिभिन्न समुहका विद्यार्थीहरूले बिभिन्न कोनिकहरू तयार गर्छन् र कक्षामा प्रदर्शन गर्छन्। अन्तमा शिक्षकहरूले तल दिइएको लिङ्कको रूपमा कोनिकका अनुप्रयोगहरूको सम्बन्धित भिडियोहरू देखाउन हुनेछ। | Conics are mostly used in the projectile motions specially in the astromny it is very useful. |

| | | | | |
|---|---|---|---|---|
| | | | https://www.youtube.com/watch?v=Ms_ef20L8Ao<br>6th to 9th project and curriculum of class 11 | |
| २६. | Model of vectors | | कार्डबोर्ड, रोनन्ड प्रोट्रेक्टर र 8 सामान्य प्रोट्रेक्टरहरू प्रयोग गरेर विद्यार्थीहरूले भेक्टर ज्यामितिको मोडेल तयार गर्न सक्छन् र कक्षामा प्रदर्शन गर्न सक्छन्। यो मोडेल गणितको अन्य क्षेत्रमा पनि धेरै उपयोगी छ।<br>https://www.youtube.com/watch?v=W2xknX3k6FY<br><br>(10th project work of class 11) | |
| २७ | Model of probality | To connect to other subjects like quantum physics. | विद्यार्थीहरूले पासा प्रयोग गरेर सम्भाव्यताको मोडेल बनाउँछन् र तलको लिङ्कमा दिइएको भिडियोको सहायताले तरंगहरूको क्वान्टम भौतिकीसँग यसरी बनाइएको मोडेललाई तुलना गर्नुहोस्।<br>https://www.youtube.com/watch?v=GqBJiOM5tm8 | जटिल सिद्धान्तहरू पनि सरल गणितीय सीपहरूमा आधारित हुन्छन्। |

| | | | | |
|---|---|---|---|---|
| | | | 12th project work of the curriculum of class 11 | |
| २८ | Working model of derivatives | To exhibit the meaning of derivative | विद्यार्थीहरूले फलामको पहिरन, म्यागेट र स्ट्रेट रड प्रयोग गरी चित्रमा देखाइए अनुसार डेरिभेटिभहरूको मोडेल बनाउँछन्। तिनीहरूले टेन्जेन्ट रेखा (रड) ले वक्र (बक्रमा फलामको तार) को व्युत्पन्न रूपमा कसरी काम गर्छ भनेर प्रदर्शन गर्छन्।<br>https://www.youtube.com/watch?v=4fqVT-DfpGg<br><br>13th project work of the curriculum of class 11 | |
| २९, | Area of triangle by integration | To find the formula to find athe area of a triangle. | समूहका विद्यार्थीहरूले डोरीको प्रयोग गरेर जमिनलाई त्रिभुज आकारमा विभाजन गर्नेछन् र एकीकरणको अवधारणा प्रयोग गरेर क्षेत्रफल पत्ता लगाउनेछन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | | 14th project work of the curriculum of class 11 | |
| ३०. | Area of the rectagle with different dimention | To find the dimention of the rectangle to ave maximum area | आफ्नो वरपर उपलब्ध एक धातु पट्टी लिनुहोस् र फरक आयाम (कम्तीमा 10 फरक तरिका) संग एक आयताकार फ्रेम बनाउनुहोस्। पत्ता लगाउ<br>अधिकतम क्षेत्रफल भएको आयताकार धातु फ्रेमको आयाम।<br>15th and 17th project work of the curriculum of class 11 | |
| ३१. | Use of ICT in mathematics | | कुनै पनि ICT उपकरणहरू (जस्तै 'जियोजेब्रा', पाइथन', 'म्याथल्याब') प्रयोग गरेर कुनै पनि बहुपदीय समीकरणको जरा पत्ता लगाउनुहोस् र यसलाई प्रस्तुत गर्नुहोस्।<br>कक्षा कोठा।<br>16th project work of the curriculum of class 11 | |
| ३२ | Binomial therom and Pascal's triangle | | विद्यार्थीहरूले पास्कलको त्रिभुजको कार्य मोडेल तयार गर्नेछन् र यसलाई 'बिनमियल प्रमेय'सँग जोड्नेछन्। नेपाली विद्यार्थीले गरेको प्रदर्शनको एउटा भिडियो तल दिइएको छ।<br>https://www.youtube.com/watch?v=-tCH-X5q8lc<br>(1st project work of the curriculum of class 12) | |
| ३३ | Centers of a triangle | To find the centrod, incenter, excenter and oththocenter of a triangle. | विद्यार्थीहरूलाई एउटा चार्ट पेपर दिइनेछ र तिनीहरूलाई त्रिभुज तयार गर्न र पेन्सिल, रुलर र कम्पास प्रयोग गरेर यसको विभिन्न केन्द्रहरू पत्ता लगाउन सोधिनेछ। यो वास्तवमै विद्यार्थीहरूको लागि इन्जिनियरिङ कार्य हो। तिनीहरूको कार्यको प्रदर्शन पछि, शिक्षकले त्रिभुज केन्द्रहरूको प्रयोगको बारेमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | एक vedio देखाउनेछ। हामीले प्रयोग गर्ने मोबाइल फोनले यो केन्द्रहरू प्रयोग गरेकोमा पहिलो पटक उनीहरूलाई ठूलो आश्चर्य हुनेछ। र तिनीहरूले यी परिणामहरूलाई कुनै पनि त्रिभुजको साइन र कोसाइन नियममा लिङ्क गर्नेछन्।<br>https://www.youtube.com/watch?v=cAwuY-gSC5k<br><br><br>(2nd and 3rd project works of the curriculum of class 12) | |
| ३४. | Model of conic sections | कोनिक्स वास्तविक जीवन परिस्थितिमा छन् भनेर परिचय दिनु। | विद्यार्थीहरूको विभिन्न समूहहरूले स्थानीय रूपमा उपलब्ध हुने सामग्रीहरू प्रयोग गरेर कोनिकका प्रकारहरू प्रदर्शन गर्छन् र कक्षामा प्रदर्शन गर्छन्। यो कक्षा | |

| | | | | |
|---|---|---|---|---|
| | | | ११ को परिमार्जन कार्य हो। शिक्षकहरूले तल दिइएको लिङ्क जस्तै कोनिकसँग सम्बन्धित केही भिडियोहरू देखाउन मद्दत गर्नेछन्। https://www.youtube.com/watch?v=1gRg2km-j08 (4th, 5th and 6th project works of curriculum of class 12) | |
| ३५. | To find area in terms of vectors | | विभिन्न समूहका विद्यार्थीहरूले भेक्टरहरूको अवधिमा त्रिभुज र समानान्तर चतुर्भुजको क्षेत्रफल प्रदर्शन गर्नेछन्। तिनीहरूले भेक्टरहरूको cross product को अवधारणा प्रयोग गर्नेछन्। (7th project work of curriculum of class 12) | |
| ३५. | Use of derivatives | | तपाईंको नगरपालिकाको पछिल्लो पाँच वर्षको तथ्याङ्क सङ्कलन गर्नुहोस् र डेरिभेटिभको अवधारणा प्रयोग गरी आगामी पाँच वर्षको जनसङ्ख्या अनुमान गर्नुहोस्। 10th project work of the curriculum of class 12 | |
| ३६. | Relation between derivative and integration | | पहिलो शिक्षकले व्युत्पन्न र एकीकरणसँग सम्बन्धित भिडियोहरू हेर्नको लागि स्थिति व्यवस्थापन गर्नेछ। त्यसपछि विद्यार्थीले पाइथन, जियोजेब्रा वा म्याथल्याब जस्ता आईसीटी प्रयोग गरेर समान गतिविधिहरू गर्नेछन्। त्यसपछि विभिन्न समूहमा विद्यार्थीहरूले स्थानीय रूपमा उपलब्ध सामग्रीहरू प्रयोग गरेर मोडेलहरू तयार गर्नेछन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | | https://www.youtube.com/watch?v=FnJqalESC2s<br>11th project work of the curriculum of class 12 | |
| ३७. | Newton's laws of motion | | हाम्रो दैनिकमा न्यूटनको गतिको नियम र सम्बन्धित केसहरूको विभिन्न अनुप्रयोगहरू पहिचान गर्नुहोस्।<br>12th project work of the curriculum of class 12 | |
| ३८. | Projective motion | | प्रक्षेपण गति मा दैनिक जीवन समस्या को अन्वेषण गर्नुहोस्। त्यो समस्या समाधान गर्नुहोस् र प्रस्तुत गर्नुहोस्<br>कक्षाकोठा।<br>13th project work of the curriculum of class 12 | |
| ३९. | | | रैखिक प्रोग्रामिङ समस्यासँग सम्बन्धित कुनै एक वास्तविक जीवन समस्या लेख्नुहोस् र समाधान गर्नुहोस्<br>सिम्प्लेक्स विधि प्रयोग गरेर समस्या।<br>14th porject work of the curriculum of class 12 | |

विषय क्षेत्रः विज्ञान तथा प्रविधि शिक्षा

| क. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| तहः आधारभूत | | | | |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | कम्प्युटरको मोडेल निर्माण गर्ने | • कम्प्युटरका मुख्य भागहरूका बारेमा स्वयम् जानकारी प्राप्त गर्ने<br>• विद्यार्थीहरूले कम्प्युटर भित्र मुख्य भागहरूको पहिचान गर्न सक्ने | १. शिक्षकको सहजीकरण पश्चात विद्यार्थीको स्वःक्रियाकलापमा निम्नानुसारका सामग्रीहरू सङ्कलन गरी नमुना निर्माणको कार्य हुनेछ ।<br>२. विद्यार्थीहरूलाई समुहमा विभाजन गर्ने<br>३. प्रत्येक समुहलाई कम्प्युटरका छुट्टाछुट्टै भागहरू कार्डबोर्ड तथा पेपरबोर्डमा तयार गर्न सहजीकरण गरिदिने यसरी तयार गर्दा फरक फरक भागका लागि फरक रङहरूको प्रयोग गर्न प्रोत्साहित गर्ने उनीहरूले कम्प्युटर केसका लागि) बटनहरू, बत्तीहरू, भेन्टिलेसन ग्रिलहरू समेत बनाउँने छन्, CPU, RAM, Mother Board, Storage Device (SSD, HDD), आदिलाई फरक रङमा तयार गर्ने छन्।तयार गरिएका( सम्पूर्ण भागहरू peripheral Devices (keyboard, mouse, printer, speakers etc.) सहित सबैलाई Assemble गर्ने छन्<br>४. सबै सहभागीहरूको सामुहिक उपस्थितमा प्रत्येक समुहले आफुले तयार गरेको भागको परिचय, यसको काम तयार गरेको विधि सहितको प्रस्तुती गर्नेछन्। | विद्यार्थीहरूलाई रमाइलो सिकाई वातावरण तयार हुनेछ भने उनीहरूले स्वतः स्फूर्तरूपमा कम्प्युटरको आधारभूत ज्ञान सहित पेपर मोडल तयार गर्नेछन् । यसले उनीहरूको बाल मष्तिष्कमा म भविष्यमा कम्प्युटर टेक्नीसियन वा कम्प्युटर इन्जिनियर बन्न सक्छु भन्ने भित्री चेतनाको विकास गर्ने छ । साथै यस गतिविधिले विद्यार्थीहरूलाई रचनात्मक र अन्तरक्रियात्मक अभ्यासमा सरिक गराउनेछ, कम्प्युटरको अवधारणा र यसको मुख्य भागहरूमा बारेमा अवधारणागत सिकाई हुने हुनाले भविष्यमा कम्प्युटर विषयको अध्ययनमा समेत सहयोग पुग्नेछ । |

| क्र. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| २ | डिजिटल फोटो एल्बम प्रतियोगिता | स्मार्टफोन वा ट्याब्लेट, क्यामेरा प्रभावकारी रूपमा प्रयोग गरी फोटो एल्बमको निर्माण गर्ने क्षमताको विकास | सबै विद्यार्थीहरूलाई जम्मा गरी शिक्षकले निम्नानुसारको कार्यका लागि सहजीकरण गर्नेछन् ।<br>१. विद्यार्थीहरूलाई कम्तीमा पाँच समूहहरूमा विभाजन गरी प्रत्येक समूहलाई<br>२. २ वटा डिजिटल क्यामेरा, स्मार्टफोन वा ट्याब्लेट प्रदान गर्ने<br>३. क्यामेराका आधारभूत कार्यहरू जस्तै जुम, फोकस, विभिन्न फोटो मोडहरू (पोर्ट्रेट, ल्यान्डस्केप, क्लोजअप, मोशन पिक्चर ( का बारेमा स्पष्ट पार्ने<br>४. छुट्टाछुट्टै समुहलाई फरक फरक प्रकृतिका फोटाहरू खिच्नको लागि समय र क्षेत्र निर्धारण गर्ने<br>५. विद्यार्थीहरूलाई आफुले खिचेका तस्बिरहरू PowerPoint मा फोटा एल्बम बनाउन सहजीकरण गर्ने<br>६. फोटो एल्बमको प्रदर्शन गर्न लगाउने र उनीहरूको रचनात्मक तस्बिरहरू व्याख्या गर्न लगाउने ।समय व्यवस्थापनः शुरूको सहजीकरणका लागि करिब ३० मिनेट, फोटो खिच्ने कार्यका लागि करिब ६० मिनेट, PowerPoint मा काम गर्न करिब ६० मिनेट र प्रस्तुतीकरण करिब १२० मिनेट गरी कम्तीमा ३ घण्टा ३० मिनेटको समय लाग्ने छ । | विद्यार्थीहरूले मोबाइल र क्यामेरा प्रयोग गरेर विभिन्न प्रकारका फोटो खिच्ने अभ्यास गर्नेछन्, फोटोका आधारभूत कार्यहरू गर्नेछन् र यसले भविष्यमा फोटोग्राफी तथा फोटो पत्रकारीतामा सहयोग गर्नेछ। |

| क. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ३ | प्रकाश संश्लेषण क्रियाको मोडल | प्रकाश संश्लेषण क्रियाको महत्त्व बताउन | एउटा बिरुवाको ताजा हरियो पात लिने, पातमा पानी छर्केर प्लास्टिकको जिपर ब्यागमा केही हावा घुसाएर पातलाई जिपर ब्यागमा बन्द गर्ने र सूर्यको प्रकाश सिधै पर्ने स्थानमा राख्ने, केही घण्टापछि विद्यार्थीहरूलाई क्रियाकलाप अवलोकन गराउने, ब्याग भित्र ससाना फोकाहरू देखिनेछन् ,ती फोकाहरू पातले फालेको अक्सिजनका फोका हुन् भनेर बताउने, बिरुवाले प्रकाश संश्लेषण क्रियामा सूर्यको प्रकाशबाट प्राप्त शक्तिलाई लिएर कार्बन डाइअक्साइड र पानी मिलाई खाना बनाउने र यस क्रियामा अक्सिजन वाई प्रोडक्टका रूपमा फाल्ने कुरा स्पष्ट बताइदिने, बिरुवाले बनाएको खाना सबै जीवलाई बाँच्न नभई नहुने र अक्सिजन स्वासप्रश्वासका लागि अति आवश्यक हुने भनी बताइदिने। | वनस्पति र सूर्यको प्रकाशको पारिस्थितिक पद्धतिमा महत्व स्पष्ट हुने |

| क्र. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ४ | स्थानिय (रैथाने) प्रविधिका मोडेल तयार गर्ने | लोपोन्मुख प्रविधिको संरक्षण र नवप्रवर्तन | १.विद्यार्थीहरूलाई आफ्नो घर छिमेक समुदायमा उपलब्ध स्थानिय (रैथाने) प्रविधियुक्त मेसिन औंजार या साधनको अवलोकन गराउने<br>२.उल्लेखित साधनले के कसरी कुन कार्यका लागि दैनिक जीवनमा काम गरेको र मानिसको कामलाई सहयोग पुऱ्याएको छ छलफल गराउने,<br>३. के ती साधनहरूमा सुधार आवश्यक छ? सोच्न लगाउने,<br>४. ढिंकी,जातो हलो,जुवा,कागति निचोर्ने यंत्र,पानी घट्ट आदीका मोडेल कसरी तयार पारिन्छन यु ट्युबको अवलोकन गराउने र विद्यार्थीहरूलाई बिज्ञ शिक्षकको सहयोगले सामग्री निर्माण गर्न समुह निर्माण गर्ने,<br>५. सामग्रीका सहायताले मोडेल तयार पार्न लगाउने र आवश्यक होसियारीका बारे जानकारी दिने । | : विभिन्न प्रकारका रैथाने प्रविधिका प्रयोग बिगतमा जीवयापनका अमूल्य सहयोगी साधन बनेका र तिन्मा आवश्यक सुधार के कसरी गर्न सकिन्छ? भन्ने बारेमा आवश्यक छलफल र सोच पश्चात नवपर्वर्तन गर्न सकिने। |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ५ | प्रकाशको बाटो प्रसारण | प्रकाश प्रसारणको बाटो/दिशा पत्ता लगाउनु | शिक्षकको सहजीकरण/विद्यार्थीको क्रियाकलाप विद्यार्थीहरूको सहभागितामा आवश्यक सामग्रीहरू सङ्कलन गर्ने,<br>१. करिब १५ सेका वर्गाकार कार्डबोर्ड तयार गर्ने .मि.,<br>२. प्रत्येक कार्डबोर्डको बीचमा करिब १ से ब्यास हुने गरी .मि. प्वाल पार्ने,<br>३. प्वालहरू सीधा रेखामा पर्ने गरी तीनवटै कार्डबोर्ड केही फरक दूरीमा राख्ने,<br>४. यिनीहरूको सीधा अगाडि भित्तामा सेतो पर्दा टाँस्ने र पछाडीका कार्डबोर्डको प्वालमा फ्लास लाइट बाल्ने,<br>५. के कस्तो अवस्थामा प्रकाशको असर पर्दामा देखिन्छ, अवलोकन गर्ने गराउने, कार्डबोर्डका प्वालहरू सीधा रेखामा नपार्दाको अवस्थाहरूको पनि अवलोकन गराउने । यस प्रकारको क्रियाकलापमा पालैपालो विद्यार्थीहरूलाई सहभागी गराउनेअवस्थाहरूको/ टिपोट गर्न लगाउने | रमाइलो वातावरणमा आवश्यक सामग्रीहरूको प्रयोगबाट प्रकाश प्रसारणको बाटो सँधै सीधा हुन्छ , भन्ने वैज्ञानिक अवधारण बन्छ। सिकारुहरूलाई थप नियमहरू परिक्षण गर्ने ज्ञान र सीपको विकास हुन्छ। सिकाइ दिगो हुन्छ। |
| ६ | ज्वालामुखी विष्फोटनको नमूना | ज्वालामुखी विष्फोटनको कारण पत्ता लगाउनु | १. शिक्षकको सहजीकरण÷विद्यार्थीको क्रियाकलापविद्यार्थीहरूको सक्रिय सहभागितामा सामग्रीहरू संकलन गरी रमाइलो वातावरणमा नमूना तयार गर्ने<br>२. टेबलमाथी ठुलो प्लाष्टिक बाटामा माटोबाट पहाडको नमूना बनाउने ।<br>३. बोत्तलको सहयोगबाट पहाडको टुप्पोबाट भित्रसम्म खाल्डो तयार गर्ने । | रमाइलो वातावरणका साथ विद्यार्थीहरूमा स्थानीय सामग्रीहरूको प्रयोग गरी ज्वालामुखी विस्फोटन र यसका असरहरूको बारेमा वैज्ञानिक अवधारणा बन्छ । यसले विषयवस्तुको (Deep Learning) गराउँछ । |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | ४. उक्त खाल्डोमा इनो, स्याम्पो, कालोधुलो र पानी राख्ने र अवालोकन गर्ने, गराउने ।<br>५. पहाडको टुप्पोबाट निस्केको फिँज÷ गाज बाहिर निष्कन्छ ।<br>६. उक्त फिँज/गाज पहाड वरिपरी पैलिएको देखिन्छ । यो क्रियाकलाप पालैपालो विद्यार्थीहरूबाट गर्न र अवलोकन गर्न लगाउने। | |
| ७ | तरल पदार्थमा बलको असर | तरल पदार्थमा बलको असरले गर्न सकिने सरल कार्यहरूको वैज्ञानिक धारणा निर्माण गर्नु । | १. शिक्षकको सहजीकरणविद्यार्थीको/ क्रियाकलाप नजिकैको स्वास्थ्य सेवा केन्द्रसँग सम्पर्क गरी डस्टवीनमा फाल्ने खालका पुराना/ प्रयोग भएका सिरिञ्जहरू, स्लाइन पाइपहरू संकलन गर्नेगराउने र/ निर्मलिकरण गर्ने<br>२. सफा पानी र रमाइलोको लागि वा रंगीन पानी बोत्तलहरूमा लिने<br>३. सिरिञ्जको सहायताले सफा पानी वा रंगीन पानीलाई स्लाइन पाइपमा पठाउने र अवलोकन गर्ने, गराउने । पालैपालो विद्यार्थीहरूलाई यो क्रियाकलाप गर्न लगाउने । | रमाइलो वातावरणका विद्यार्थीहरूलाई तरल पदार्थमा बल प्रयोग गर्दा वल गुणित हुन्छ । साथै तरल पदार्थलाई खाद्र नसकिने भएकोले यसबाट दैनिक जीवनमा धेरै प्रकारका वैज्ञानिक कार्यहरू गर्न सक्ने ज्ञान र सीपको विकास हुनेछ । विरामीलाई स्लाइनको माध्यमबाट औषधी दिन, रक्तदान दिन, मोटरका हाइड्रोलिक ब्रेक, लिफ्ट, प्रेस, ज्याक आदि जस्ता उपकरणहरू निर्माण र प्रयोग गर्ने वैज्ञानिक ज्ञान र सीपको विकास विद्यार्थीहरूमा हुनेछ । |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ८ | प्रविधि विकासको समय यात्रा | खेलको माध्यमबाट विद्याथीहरूमा प्रविधि विकास क्रमको ज्ञान दिलाउनु | विद्यार्थीहरूलाई निम्नानुसार पाँच पुस्ताको समूहमा विभाजन गरी (Role Play) गर्न लगाउने सि.नं. पुस्ता (Generation) जन्म समय (Born) हालको उमेर (Current Age) १. Baby Boomers सन् 1955 – 1965 59 – 69 बर्ष २. Gen X सन् 1965 – 1980 44 – 59 बर्ष ३. Millennials (Gen Y) सन् 1980 – 1995 29 – 44 बर्ष ४. Gen Z सन् 1995 – 2010 14 – 29 बर्ष ५. Gen Alpha सन् 2010 – 2025 Now (जन्मदै गरेको देखि) —14 बर्ष<br>शिक्षकले समूह विभाजन पश्चात सामग्री संकलनको लागि समय दिनेछन्, सामग्री सङ्कलन गर्ने तरिकाको लागि सहजीकरण गर्ने छन्, सङ्कलन गरिएका सामग्रीलाई न्यूज प्रिन्ट पेपर, कार्डबोर्ड पेपरमा सूचीकृत गर्ने समय दिनेछन् । समुहका सदस्यहरूले उमेर समुहको अभिनय गर्दै आफ्नो पालामा यस्ता यस्ता प्रविधिहरू (नाम उच्चारण गर्दै) प्रयोग गर्न पाएको, यस्ता यस्ता प्रविधिहरू पनि हुन्छन् रे भन्ने सुनेको शैलीमा नाटकीय प्रस्तुती गर्नेछन् । यसरी प्रस्तुत गर्दा समुहका एक एक सदस्यहरू सहभागी हुनेछन् । (जस्तैः Gen Alpha को प्रस्तुतीमा काखे बच्चालाई मोबाइल देखाउँदै खाना खुवाउनु परेको दृस्य समेत समावेस गर्न सक्नेछन्) । यस कार्यका लागि करिब ३० मिनेटको शिक्षकको निर्देशन, १ घण्टाको सामग्री सङ्कलन गर्ने समय, ४५ मिनेटको लेखन समय, रिहर्सल सहित १०५ मिनेटको प्रस्तुती समय गरी कम्तीमा ४ घण्टाको क्रियाकलाप हुनेछ । | यो क्रियाकलापले विद्याथीहरूमा आत्मवलको विकास हुने, प्रस्तुती क्षमताको विकास हुने, अनलाईन तथा अफलाईनमा सामग्रीको खोजी गर्ने तथा त्यसलाई लिपीबद्ध गने क्षमताको विकास हुनुका साथै तहगत रूपमा हासिल गर्नुपर्ने सम्बन्धित क्षेत्रको बिसयगत सक्षमता (सिकाई उपलब्ध पुरा हुनेछ । |

| क्र. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ९ | लाइभ गार्डेनको विकास | बगैंचाको सजावट तथा संरक्षण गराउने | शिक्षकको सहजीकरण/विद्यार्थीको क्रियाकलाप आवश्यक सामग्रीहरू विद्यार्थीहरूको सहभागितामा सङ्कलन गर्ने ।<br>•आवश्यक सहजिकरणका आधारमा प्लाष्टिकका झोला वा आधा काटिएका ग्यालिनमा माटो, मल भरी आफूलाई मन पर्ने बिरुवाका बेर्ना सार्ने ।<br>•यसरी सारिएका बेर्नालाई आवश्यक संरक्षण गर्ने, सिंचाइ गर्न लगाउने र आ—आफ्ना कक्षाकोठामा पिंढी बरण्डा, छत वा जमिनमा सजाएर राख्न लगाउने । | विद्यालय, कक्षाकोठा तथा आ—आफ्ना घरहरूमा लाइभ गार्डेन बनाई सजावट र संरक्षण गर्न तथा वातावरणलाई हराभरा बनाउन सक्षम हुनेछन् । |
| तहः माध्यमिक | | | | |
| १ | साधारण विद्युत परिपथ निर्माण | विद्यार्थीहरू स्वयंले साधारण विद्युत परिपथको अवधारणा बताउन सक्ने | १. ब्याट्री , लाइट बल्ब ,सुचालक तार ,कुचालक वस्तुहरू र स्विच सङ्कलन गर्ने<br>२. तारको एक छेउलाई ब्याट्रीको धनात्मक ध्रुवमा र तारको अर्को छेउलाई स्विचको एक छेउमा साथै स्विचको अर्को छेउमा अर्को तार जोडेर सो तारलाई बल्बको एक छेउमा जोड्न लगाउने<br>३. अर्को टुक्रा तारलाई बल्बको बाँकी छेउमा जोडी ल्याएर ब्याट्रीको Negative ध्रुवमा जोडी परिपथ पूरा गर्ने स्विच बन्द गर्दा बल्ब बल्ने प्रक्रिया प्रदर्शन गर्ने<br>४. अब परिपथको कुनै खण्डलाई ब्रेक गरी सूचालक र कुचालकको अवधारणा दिन सकिने । | विद्यार्थीहरूमा सुचालक र कुचालकको अवधारणा प्रष्ट हुने र दैनिक जीवनमा विद्युत परिपथ निर्माण एवं विद्युतीय उपकरण सञ्चालन गर्ने सीप विकासमा मद्दत पुग्ने |

| क. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| २ | सौर्य उर्जाबाट आसवन प्रक्रिया | सौर्य उर्जाको उपयोगबाट मिश्रण पत्ता लगाउनु | १. विद्यार्थीहरूको सहभागितामा आवश्यक सामग्रीहरू सङ्कलन गर्ने, १. अशुद्ध पानी भएको बोत्तल र खाली बोत्तललाई विपरित दिशाबाट पाइपद्वारा हावा नछिर्ने गरी जोड्ने ।<br>२. यसरी बनाइएको सामग्रीलाई घाम लागेको ठाउँमा टेबुलमाथी करिब ३ घण्टा जति राखेर अवलोकन गर्ने गराउने ।<br>३. सूर्यको तापको असरले अशुद्ध पानीबाट शुद्ध पानी वाष्पिकरण भएर माथीको बोत्तलमा जम्मा हुन थालेको देखिन्छ आवश्यकता अनुसार माथीको बोत्तललाई भिजेको पेपरले चिसो पार्न सकिन्छ । | रमाइलो वातावरणमा सौर्य उर्जालाई प्रयोग गरी मिश्रण छुट्याउने विधिहरू मध्ये आसवन विधिबारे वैज्ञानिक अवधारणा सिकारुहरूलाई प्राप्त हुन्छ । यसरी दैनिक जीवनमा पानी शुद्ध गर्ने, स्थानीय अल्कोहल तयार गर्ने, नूनपानीबाट नून र पानी छुट्याउन सक्ने ज्ञान र सीप सिकारुहरूमा आर्जन हुनेछ । रमाइलो वातावरणमा वैज्ञानिक अवधारणाको विकास हुनेछ । |

| क. सं. | क्रियाकलाप | उद्धेश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ३ | बिउ अङ्कुरण | विद्यार्थीहरूमा बिउ अङ्कूरण सम्बन्धी धारणा दिने। | १. विद्यार्थीहरूलाई विभिन्न थरिका बिरुवाका बिउहरू सङ्कलन गर्न लगाउने<br>२. हरेक खालका बिउहरूको केही दाना सुतीको कपडा वा कपास भिजाई त्यसमाथि राख्न लगाउने<br>३. बिउहरूमा पानी छर्केर सुतीको भिजेको कपडालाई बेरेर बिउहरू ढाकी प्लास्टिकको झोलामा सिल गरेर प्रकाश राम्रोसँग पर्ने उज्यालो ठाउँ जस्तै झ्यालको आटीमा राख्न लगाउने<br>४. हरेक दिन बिउ उम्रेनउम्रेको जाँच्न/ लगाउने थरीथरीका बिउहरूमा उम्रने तरिकाहरू टिपोट गर्न लगाई तिनीहरूको फरक विशेषता, वृद्धिदर आदि नोट गर्न लगाउने | विभिन्न प्रकारका बिउहरूको उम्रने तरिका र तिनीहरू उम्रेपछिको बिरुवाको वृद्धिदर , बिउ अंकुरणमा प्रभाव पार्ने तत्वहरू लगायतका विषयवस्तुमा धारणा बसाल्न सकिने |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ४ | वर्षाको पानी संकलन मोडेल | विद्यार्थीहरूलाई पानीको हिफाजत एवं सदुपयोगको अवधारणा दिने | १. पानी संकलनका लागि दुईवटा कन्टेनर ल्याउने, पहिलो कन्टेनरमा पानी सङ्कलन गर्न downspout मुनि कन्टेनर राखी पाइप फिट गरी दोस्रो कन्टेनरसँग कनेक्टिभिटी बनाउने<br>२. दोस्रो कन्टेनरमा त्यसको पिदमा रोडा र सो माथि बालुवाको तह राखी पहिलो कन्टेनर माथि राखी दुवै कन्टेनरलाई पिँदमा उपयुक्त ढंगले पाइपलाई हल्का भिरालो गरी जडान गर्ने ।<br>३. पाइपको प्रवेश द्वारमा फिल्टर राख्ने, जसले गर्दा पानीमा आउने ठूला ठूला फोहोरका कणहरू कन्टेनरमा छिर्न (डेब्रिस) पाउँदैनन् ।<br>४. जब पानी पर्छ, डाउन स्पटबाट पानी बगेर पहिलो कन्टेनरमा प्रवेश गर्छ र सो कन्टेनर भरिएपछि पाइपको माध्यमबाट दोस्रो कन्टेनरमा छिर्छ र शुद्धिकरण भई जम्मा हुन्छ। यसरी संकलित बर्सातको पानीलाई पिउन बाहेक अन्य कार्य जस्तै कपडा धुन, करेसाबारीमा लगाउन आदिमा प्रयोग गर्न सकिन्छ। | बर्सातको को पानी संकलनबाट पानीको अभाव समाधान गर्ने क्षमता विकास हुने |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| ५ | निर्माण तथा मर्मत संभार (वाइरिङ, प्लम्बिङ) | आत्मनिर्भर सीपको विकास | १. विद्यार्थीहरूको रुचि पहिचान गर्ने र सोहि अनुसार समूह निर्माण गर्ने ।<br>२. क्षेत्र अनुसार विद्यार्थीलाइ यु ट्युब हेर्न लगाउने र सम्बन्धित बिज्ञ शिक्षक वा स्रोत ब्यक्तिको सहयोगले बिद्धुत जडान पाइप फिटिङ वा पेन्टिङ सम्बन्धि जानकारी सहित काममा लगाउने र सहजिकरण गर्दै जाने। नोटः वाइरिङ तथा प्लम्बिङका लागि सम्भव भए शिक्षकले र नभए सो सम्बन्धि विज्ञलाई सहजीकरण गर्न लगाउने। | यसले दैनिक जीवनका साथै आय आर्जनमा समेत सहयोग पुग्नेछ । |
| ६ | साईवर सचेतना कार्यक्रम | यस कार्यक्रमको उद्देश्य सामाजिक सञ्जालको सही प्रयोग, साइबर कानूनको जानकारी, कम्प्युटर नैतिकताको बारेमा सचेतना, जिम्मेवार डिजिटल नागरिकको प्रवर्द्धन गर्ने । | विद्यार्थीहरूलाई भेला गर्ने, साइबर सचेतनाका विषयहरू (साइवर अपराध, साइवर कानुन, साइवर नैतिकता, साइवर दुर्घटना, सामाजिक सञ्जालको सहि प्रयोग) अनुसार विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गर्ने, ति विषयहरूको क्षेत्र उपक्षेत्रहरू (साइवर बुलिङ, intellectual theft, digital footprint and strong password आदिं) का बारेमा जानकारी गराउँने, समुहगत रूपमा उक्त विषयहरूको सामग्री संङ्कलनको लागि सहजीकरण गर्ने, समुहहरूलाई आवश्यक सामग्री सहित समुदायमा पठाउने, समुदायका व्यक्तीहरूसँग कुराकानी गर्ने तरिका सम्बन्धमा पनि पूर्व तयारी गराई सचेतनाको लागि समुदायमा पठाउने, प्रत्येक समुहले समुदायका कम्तीमा पाँच जनालाई सचेत गराई उनीहरूको विवरण सहित प्रतिक्रियालाई प्रतिवेदनका रूपमा प्रस्तुत गर्न लगाउने । | यो क्रियाकलापले साइवर अपराध र यसबाट बच्ने उपायहरू, सामाजिक नेटवर्कको सहि प्रयोग गर्न, तथ्याङ्कहरूलाई सुरक्षित गर्नुपर्ने आवश्यकता र तरीका आफुले सक्ने अरूलाई पनि सिकाउन सक्ने छन् । यसले भविष्यमा उनीहरूलाई साइवर अपराध हुनबाट बचाउने छ । |

| क्र. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | **समय व्यवस्थापनः** विद्यालय र समयको दुरी, सामग्री सङ्कलनको समय,सामग्री निर्माण समयका आधारमा एक दिनको कार्यक्रम हुनेछ । | |
| ७ | मिनी-वोट कार्यशाला (Mini-bot Workshop) | विद्यार्थीहरूमा रोवोटिक्सको ज्ञान तथा सीप विकास गराउनु | शिक्षकको निर्देशन तथा विद्यार्थीको सक्रियतामा स्वतन्त्र पूर्वक निर्माण गर्ने<br>**निर्देशनः** रोवोट निर्माणमा सृजनशिलता, समस्या समाधान र समूहको सहकार्यको महत्वको बारेमा प्रष्ट पारिदिने, रोवोटिक्सको बारेमा जानकारी दिने, आज विद्यार्थीहरू आफै एउटा मिनि रोवोट बनाउदै छन् भनेर उत्साहित गर्ने, विद्यार्थीहरूलाई तीन तीन जनाको समूहमा विभाजन गर्ने, मूख्य भागहरू मोटर, power source, chassis को प्रयोगको बारेमा जानकारी गराउने<br>**चेसिस निर्माण (Building Chassis):** प्रत्येक विद्यार्थीलाई कार्डबेर्ड वा फोम बोर्ड, रोवोट Base को लागि आयतकार वा वर्गाकाररूपमा वोर्ड काट्न लगाउने, रोवोट body design गर्न लगाउने (फोम बेर्ड प्रयोग गरेर रोवोटको हात खुट्टा, एन्टेना आदि निर्माण गर्ने), मार्करको प्रयोगले body decorate गर्ने3. मोटर जडान गर्नेः दुवै तर्फ टाँसिने टेप hot glue gun प्रयोग गरेर चेसिसमा सानो DC Moter जडान गर्न लगाउने, व्याट्री केस स्वीच, मोटर र हात खुट्टामा सँग तार connection गर्ने4. परिक्षण तथा समस्या समाधानः मोटर सञ्चालन गरेर रोवोट चलाउने कुनै समस्या आएमा पुनः जाँच गर्ने<br>**रोवोटलाई थप वैयक्तीक (personalize) बनाउनेः** गुग्ली आँखा, रंगीन स्टीकरहरूको प्रयोग गरेर रोवोटको थप सिँगार पटार गर्ने6. | निष्कर्षः यो सामान्य मोटरबाट चल्ने मोटरबाट STEM विषयको ज्ञानको उजागर हुने भविष्यमा जटिल खालको रोवोटहरूको निर्माणमा विद्यार्थीहरू आकर्षित हुने तथा सृजनात्मकताको विकास हुनेछ ।(नोटः यो सानो नमुना मात्र भएकोले शिक्षकहरूले यो भन्दा पृथक किसिमका रोवोटको नमुनाहरू तयार गर्न सहजीकरण गर्न सकिने) |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| | | | **प्रस्तुतीकरणः** आ-आफुले बनाएका नमुनाहरू क्रमशः प्रस्तुत गर्न लगाउने, प्रस्तुतीका क्रममा यो रोवोट कसरी निर्माण गरियो? रोवोट बनाउँदा सबै भन्दा चुनौतीपूर्ण काम के थियो? यो रोवोट कसरी हिड्यो? यसको गतिशिलतामा फरक ल्याउन अर्को प्रोजेक्टमा के गर्न सकिन्छ? जस्ता प्रश्नको उत्तर आउने गरी प्रस्तुत गर्न लगाउने। | |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | अनलाइन व्यवसायको प्रदर्शनी प्रस्तुती (Expo) | विद्यार्थीहरूले विभिन्न प्रकारका अनलाइन व्यवसायको सीप र संचार सीप विकास हुने | शिक्षकको निर्देशन तथा विद्यार्थीहरूको सक्रियतामा निम्नानुसारका क्रियाकलापहरू सञ्चालन हुनेछ<br>•विद्यार्थीहरूलाई समूहमा विभाजन गर्ने, तिनीहरूलाई B2B (Business to Business), B2C (Business to Consumer), C2C (Consumer to Consumer) Model को अनलाईन व्यवसायीहरूको समुह वा धेरै विद्यार्थीहरू भएमा त्यसको पनि उप समुहहरूमा विभाजन गर्ने, अनलाईन ग्राहकहरूको समुह निर्माण गर्ने<br>•प्रत्येक व्यवसायी समूहहरूलाई आफ्नो व्यवसायको सेवाहरू, सर्तहरू र सामग्रीहरू त्यसलाई अनलाइनमा प्राप्त गर्ने तरीकाका बारेमा डिस्प्ले वोर्डहरू तयार गर्न लगाउने, यस्ता समुहहरूलाई फरक फरक कोठाहरू वा तम्बुहरूमा राख्ने, आफ्नो मोडेल अनुसारको व्यवसाय सञ्चालनको एप्स वा वेवसाइट (डमी साइट वा प्रचलनमा रहेको कुनै साइट) प्रोजेक्टरबाट डिस्प्ले गर्न लगाउने•ग्राहक समुहहरूलाई सबै प्रकारका बिक्री केन्द्रहरूको प्रदर्शनीको भ्रमण गर्न लगाउने साथै अनलाईन अर्डर र डेलिभरीको अभिनय पनि गराउने<br>•उल्लेखित सबै कार्यहरू विद्यार्थीहरूले स्वतन्त्र पूर्वक गर्न शिक्षकले पहिले नै सहजीकरण गर्ने तर क्रियाकलापको बीचमा कुनै अवरोध नगर्ने सबै समुहलाई छोटो प्रतिवेदन बनाई प्रस्तुत गर्न लगाउने। | यसले विद्यार्थीहरू अनलाईन व्यवसायीक ज्ञान र सीपको विकासका साथै संचार र प्रस्तुती सीपको पनि विकास गराउँछ भने भविष्यमा अनलाईन व्यवसाय मार्फत जिविकोपार्जन गर्न समेत सहयोग गर्छ । |

| क. सं. | क्रियाकलाप | उद्येश्य | विधि/प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| २ | विरूवाको हारवेरियम (Herbarium) निर्माण | विरुवाको विभिन्न भागको पहिचान गर्ने | शिक्षकको सहजीकरण/विद्यार्थीको क्रियाकलाप<br>१. विरुवाका विभिन्न भागहरू संकलन गर्न लगाउने ।<br>२. संकलित भागहरू पात), काण्ड, जरा, फूल (लाई घाममा सुकाउने र ती भागबाट पुरै सुख्खा नहुने गरी पानीको मात्रा घटाउने ।<br>३. पानी सोस्ने पेपरसहित न्युजपेपरको बीचमा राखी एक रात पछि निकाल्ने।<br>४. काठका पातला फ्रेम वा बाक्ला कागतमा साइज मिलाएर सुकाइएका भागलाई माथि राखे र प्लाष्टिकले वा टेपले अडिने किसिमले ढाकिदिने ।<br>५. एवम् रीतले विभिन्न भागहरूलाई तेस्रो बुँदा अनुसार तयार पार्दै जाने र एल्वम जस्तो स्वरुप दिने । विरुवाका विभिन्न भागहरूका हारवेरियम निर्माण गर्न सकिन्छ । | सङ्कलित हारवेरियमहरूबाट विज्ञान विषयको पठनपाठनमा सहयोग पुग्छ । |

## अपाङ्गता भएका बालबालिकाहरूका लागि गरिने क्रियाकलापहरू

### अपाङ्गताको क्षेत्र : दृष्टिविहीन

| क्र स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १ | सेनसरी ओरेन्टेसन तथा टेकटाइल स्पर्ष | बालबालिकाहरूलाइ विभिन्न वस्तुको आकारप्रकार तथा त्यसको नक्सा थाहा पाउने बनाउनु | बालबालिकाहरूलाइ विभिन्न चिजहरू (बालुवा, ढुङ्गा, भाँडाकुँडा,) जस्ता विभिन्न वस्तुहरू छाम्न सिकाउने, उनिहरूलाइ विभिन्न स्थानमा हिँडडुल गराउने र त्यस ठाउँको भुइँको सतहको बारेमा बुझ्न सिकाउने, दुबो, कार्पेट ओच्छ्याएको र नओच्छ्याएको कोठा पहिचान गर्न सिकाउने, विभिन्न देश, ठाउँ वस्तुको नक्सा बनाएर उनीहरूलाई छाम्न लगाउने, विभिन्न जनावरको आकारप्रकार र तिनका नक्साहरू देखाउने र छाम्न लगाउने | यसको कार्यान्वयनपश्चात दृष्टिविहीन बालबालिकाहरू वस्तुको पहिचान, तिनको आकार प्रकारको बारेमा जानकारी प्राप्त गर्न सक्षम हुने छन्। |
| २ | IT orientation | विकसित सूचना प्रविधीमा उनिहरूलाइ अभ्यस्त बनाइ प्रविधीको माध्यमबाट उनिहरूको चुनौती कम गराउने | उनिहरूलाइ कम्प्युटर तथा मोबाइलमा विभिन्नन क्रियाकलाप गर्न लगाउने, इन्टरनेटका माध्यमबाट उनिहरूले चाहेको चिजहरू खोजी राख्न सिकाउने, विभिन्न एप्लिकेसनको प्रयोग गरि पुस्तक पढ्न, आफू वरिपरिको वस्तुहरू हेर्न, उज्यालो अँध्यारो, रङ्ग, आदि चिन्न लगाउने, नक्साको प्रयोग गरी विभिन्न गन्तव्यमा पुग्न सिकाउने | दृष्टिविहीन बालबालिकाहरू विकसित प्रविधीको प्रयोग गरी आफ्ना समस्या र चुनौतीहरूको समाधान खोज्दै उनिहरू आफ्ना क्रियाकलापहरू सहज ढङ्गले गर्न सक्षम हुनेछन्। |
| ३ | जिवनोपयोगी सीपहरू | दृष्टिविहीन बालबालिकाहरूलाइ विभिन्न जिवनोपयोगी सीपहरू सिकाउने। | भान्सा व्यवस्थापन, कपाल कोर्ने, व्यक्तिगत सरसफाइ, सिलाइबुनाइ, कपडा धुने र उद्रिएको ठाउँमा सिलाउन तथा टाँक लगाउने, आइरन गर्ने, जुत्तामा तुना हाल्ने तथा तुना बाँध्ने, आदिजस्ता विभिन्न दिनचर्या सीपहरू सिकाउने | यसको कार्यान्वयनपश्चात उनिहरूले अरुको सहयोग नलिइ आफ्ना दैनिक दिनचर्याहरू प्रभावकारी ढङ्गतले सन्चालन गर्न सक्नेछन्। |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| ४ | गमनशिलता | बालबालिकाहरूलाइ स्वतन्त्रताका साथ विभिन्न ठाउँहरूमा पुग्न सक्षम बनाउनु | दृष्टिविहीन बालबालिकाहरूलाइ विभिन्न ठाउँहरू, तिनका सतहको बारेमा जानकारी दिने, उनिहरूलाइ विभिन्न वस्तुको आकारप्रकारको बारेमा जानकारी दिने, सेतो छडि समाउने तरिका सिकाइन सेतो छडि लिइ विभिन्न ठाउहरूमा हिँडुल गर्न लगाउने, बाटोमा भेटिएका विभिन्न सङ्केत तथा अवरोधहरूको पहिचान गरी त्यसबाट जोगिन सिकाउने, सेतो छडिको प्रभावकारी र सहि प्रयोगको विधी सिकाउने, | यस विधीको कार्यान्वयनपश्चात दृष्टिविहीन बालबालिकाहरू सेतो छडिको प्रयोग गरी सहज ढङ्गले आफूले चाहेको ठाउँमा पुग्न सक्षम हुने छन्। |
| ५ | सङ्गित | सङ्गितमा पोक्त बनाइ उनिहरूको जिवनयापनमा सहजता ल्याउनु | दृष्टिविहीन बालबालिकाहरूलाइ गाउन, विभिन्न बाजा बजाउन आदि सिकाउने, विभिन्न गितहरूको रचना गर्न लगाइ सङ्गीत समेत गर्न लगाइ गाउन लगाउने, | यसको प्रयोगपश्चात उनिहरूको सङ्गितको सीप विकास भइ उनिहरू साङ्गितिक क्षत्रमा पहिचान बनाउन सफल हुने छन्। |
| ६ | हस्ताक्षर तथा सामान्य लेखन | दृष्टिविहीन बालबालिकाहरूलाइ हस्ताक्षर गर्न सिकाउनु | दृष्टिविहीन बालबालिकाहरूलाइ आफ्नो मौलिक अस्ताक्षर गर्न सिकाउने, सिग्नेचर गाइड, स्लेट आदिको प्रयोग गरी अक्षरहरू स्पष्ट गर्न सिकाउने, हस्ताक्षरको नमुना बनाइ देखाउने र उनिहरूलाइ पनि त्यस्तै गर्न सिकाउने, त्यसअघी विभिन्न अक्षरहरूको नमुना देखाइ तिनको ब्रेल फरमुलाको बारेमा जानकारी देखाउने | यस विधीको प्रयोगपश्चात दृष्टिविहीन बालबालिकाहरूले पछी गएर ल्याप्चेको सँट्टा आफ्नो हस्ताकषर गर्न सक्ष्यम हुने छन्। |
| ७ | आत्मरक्षा | विभिन्न दुरव्यवहारमा परेको समयमा आत्मरक्षा गर्न सिकाउनु। | विभिन्न दुरव्यवहारमा परेको बेला आत्मरक्षा गर्न सिकाउने, आफ्नो शत्रुकाओपरक आवश्यक्ताअनुसार हातको प्रयोग गरी चिथोर्न, कोपर्न तथा खुट्टाको प्रयोग गरी अगाडी पछाडिबाट किक हान्न सिकाउने, आफ्नो झोलामा पिन, किलाजस्ता आत्मरक्षाका सामाग्रीहरू राख्न सिकाउने, आफू दुर्व्यवहारमा परेको बेला कसरी भौतिक प्रतिकार गर्ने भन्ने सीप सिकाऊने। | यसको प्रयोगपश्चात दृष्टिविहीन बालबालिकाहरू हिंसामा परेको बखत उनिहरूलाइ आत्मरक्षा गर्न सक्षम हुने छन्। |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| ८ | पैसा चिन्न लगाउने तथा पैसाको व्यवस्थापन गर्न सिकाउने | पैसा चिनि त्यसको व्यवस्थापन गर्न सिकाउनु | हातको औंलामा नापेर, मनि गाइडको प्रयोग जस्ता परम्परागत माध्यमहरूको प्रयोग गरी पैसा चिन्न सिकाउने, हाल विकसित विभिन्न एप्लिकेसनको प्रयोग गरी पैसा चिन्न सिकाउने, चिनिएका पैसाहरूलाइ जतनसाथ गोजी या पर्समा राख्न सिकाउने, अज्ञान चोरी आदिबाट आफ्नो पैसा जोगाउन आवश्यक उपायहरू सिकाउने। | यस विधीको प्रयोगपश्चात दृष्टिविहीन बालबालिकाहरू भविष्यमा पैसा चिन्न र तिनको जतन गर्न सक्षम हुने छन्। |
| ९ | पदयात्रा तथा अनुसन्धान | दृष्टिविहीन बालबालकाहरूलाइ विभीन्न ठाउँहरूको व्यवहारिक जानकारी गराउनु | उनिहरूकै छनोटमा विभिन्न स्थानहरूको भ्रमण गर्न लगाउने, त्यसअघी जान चाहेको ठाउँ, त्यसको महत्व, भ्रमणको उद्देश्य, अपेक्षित उपलबन्धी, क्रियाकलाप आदि जस्ता बुँदाहरू समेटेर भ्रमण प्रस्तावना लेख्न लगाउने र आवश्यक सहजिकरण गर्ने, उक्त भ्रमणको क्रममा त्यस स्थानका बारेमा जानकारी सङ्कलन गर्न लगाउने, त्यस ठाउमा उनिहरूकै इक्षाबमोजिमका विभिन्न क्रियाकलाप गराउने, ततपशचात त्यसको वृस्त्रित प्रतिवेदन लेख्न सिकाउने। | यसको प्रयोगपश्चात विशेषगरी उनिहरूको जिज्ञासामा वृद्धी हुनुका साथसाथै उनिहरूले प्रतिवेदन तथा प्रस्तावना लेख्न सक्षम हुने छन्। |
| १० | सामाजिकीकरण, अन्तर्भुलन कार्यक्रम | समाजमा अन्तर्घुलन हुन सहयोग पुर्याउनु | समाजमा भएगरेका विभिन्न सामाजिक कार्य तथा घटनाहरूको अवलोकन गराउने, विभिन्न सामाजिक प्रचलन (पूजाआजा, न्वारन, बिहे तथा व्रतवन्द आदिजस्ता घटनाहरू भइरहेको ठाउँमा उनिहरूलाइ लगी त्यहाँ भइरहेको क्रियाकलापको बारेमा जानकारी गराउने। | दृष्टिविहीन बालबालिकाहरू विभिन्न सामाजिक घटना, तिनको आवश्यक्ता तथा विधीहरूको बारेमा जानकारी पाउन सक्षम हुने छन्। |
| ११ | व्यवहारिक लेखन | विभिन्न समयमा विभिन्न किसिमका लेखनसीपको विकास गर्नु। | विभिन्न व्यवहारिक लेखन जस्तै कविता, गजल, गित, निबन्द, निवेदन, चिठी, परियोजना प्रस्ताव, परियोजना सम्पन्न प्रतिवेदन, सूचना तथा निमन्त्रणा, समाचार तथा आलेख, नियात्रा, प्लेकार्ड तथा विभिन्न नाराहरू, दैनिकी, बुँदा टिपोट, आदि लेख्न सिकाउने | दृष्टिविहीन बालबालिकाहरू विभिन्न परिस्थितीमा आफूलाइ आवश्यक्ता परेका चिजहरू लेख्न सक्षम हुने छन्। |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १२ | हस्तकला | विभिन्न वस्तु तथा आकारप्रकार बनाउन सिकाउनु | वरिपरिका विभिन्न चिजहरूको प्रयोग गरी विभिन्न हस्तकलाका सामाग्रीहरूको निर्माण गर्न सिकाउने, कागजको प्रयोग गरि विभिन्न वस्तुहरू फूल, डुङ्गा, बन्दुक, रकेट आदिजस्ता वस्तुको आकार/प्रकार निकाल्न सिकाउने, डोरीलाइ गाँठो पार्न तथा खोल्न सिकाइ विभिन्न आकारप्रकारका गाँठो पार्न र त्यसलाइ खोल्न सिकाउने | यसको प्रयोगपश्चात विद्यार्थीहरूमा शृजनात्मक सीपको विकास हुनुका साथसाथै उनिहरूद्वारा निर्माण गरिएका चिजहरू शैक्षिक सामाग्रीको रूपमा प्रयोग गर्न सकिने छ। |
| १३ | प्राथमिक उपचार, | प्राथमिक उपचारको बारेमा जानकारी दिँदै उनिहरूलाइ प्राथमिक उपचार गर्न सिकाउनु | प्राथमिक उपचारका विधीहरूको बारेमा अभिमुखीकरण दिने, विभिन्न अवस्थाअनुसारका प्राथमिक उपचारको विधीहरू जानकारी गराउने, विभिन्न औषधी चिन्न सजिलो बनाउन औषधीहरूमा ब्रेल लेभलिङ गर्न सिकाउने, घाउ सफा गर्न, ब्यान्डेज लगाउन तथा टेप टाँस्न सिकाउने, रगत बगेको अवस्थामा तिनको रोकथाम गर्न गर्नुपर्ने विधीको बारेमा जानकारी गराउने। | यसको प्रयोगपश्चात दृष्टिविहिन बालबालिकाहरू घाइते भएमा तथा कुनै पनि स्वास्थ्यसमस्या देखा परेमा स्वयम प्राथमिक उपचार गर्न सक्षम हुने छन्। |
| १४ | व्यक्तित्व विकास तथा हाउभाउ | व्यक्तित्वमा निख्खरता ल्याउनु | कपडा लगाउने, कपाल कोर्ने, जस्ता दैनिक क्रियाकलापहरू गर्न सिकाउने, कपडाको कलर म्याचिङ, प्रयोग गरेका सामाग्रीहरू प्रयोगको सिमा, आदिको बारेमा जानकारी दिने, उनिहरूको शारिरिक अवस्थाअनुसारको पहिरन पहिचान गर्न सिकाउने, शारिरिक हाउभाउ तथा बडि ल्याङ्ग्वेजको बारेमा जानकारी गराउने, दोश्रो व्यक्तीसँग कुराकानी गर्दा कस्तो अवस्थामा बस्ने र कस्तो हाउभाउ देखाउने तथा कता फर्केर कसरी कुरा गर्ने भन्ने सिकाउने, सभासमारोहहरूमा बोल्दा हाउभाउ, शरिरको अवस्था तथा दर्शक दिर्घासँगको सात्क्षातकार गर्न सिकाउने। | यसको प्रयोग पश्चात ऊनिहरूको व्यक्तित्वमा निख्खर आउने छ। |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| १५ | खेलकूद | खेलमार्फत उनिहरूको शारिरिक, मानसिक एवं बौद्धिक विकास गर्ने, | विभिन्न खेलकूदहरू चेस, लुँडो, तातालु, मुसाबिरालपो, चक्लेट टिपाइ, गणितिय दौड, क्रिकेट, फुटबल, फुटसल, गोलबल, जम्पिङ आदि सिकाउने | यसको प्रयोग पशचात उनिहरूको शारिरिक मानसिक बौद्धिक विकासमा सहयोग पुग्ने छ। |
| १६ | व्यक्तित्व विकासको योजना | व्यक्तित्व विकासलाइ योजनाबद्द ढङ्गले अघी बढाउनु | व्यक्तित्वय विकासका वृस्त्रित योजना बनाइ कार्यान्व्यन गर्ने | यसको प्रयोगपश्चात दृष्टिविहीन विद्यार्थीहरूले विभिन्न क्षत्रमा आफूलाइ विकास गर्न सक्षम हुने छन् । |
| १७ | धार्मिक स्थलहरू र त्यहाँका अभ्यासहरूको अवलोकन | विभिन्न धार्मिक क्रियाकलापहरूको अवलोकन गराउनु | विभिन्न मन्दिर, गुम्बा आदिजस्ता धार्मिक स्थलहरूमा लगी त्यहाँका प्रक्रियाहरू तथा क्रियाकलापको बारेमा जानकारी गराउने, उक्त जानकारीलाइ टिपोट गरि प्रतिवेदन लेख्न लगाउने | यसको प्रयोगले विभिन्न धार्मिक अनुश्ठानको बारेमा जानकारी प्राप्त गर्न सक्षम हुने छन्। |
| १८ | पदयात्रा | विभिन्न ठाउँहरूको भ्रमण गराउनु | विभिन्न ठाउँहरूमा सङ्क्षिप्त पदयात्रा गराउनु | उनिहरू विभिन्न ठाउँहरूका बारेमा जानकारी सङ्कलन गर्न सक्षम हुने छन्। |
| १९ | उनीहरूकै आयोजनामा वनभोज | उनिहरूलाइ व्यवस्थापन सीप सिकाउनु | विद्यार्थीहरूलाइ स्वतन्त्र ढङ्गले वनभोजको योजना बनाउन लगाउने, उनिहरूकै योजना तथा व्यवस्थापनमा वनभोज आयोजना गर्न लगाउने, त्यसको वृस्त्रित प्रतिवेदन लेख्न लगाउने | यसको प्रयोगले उनिहरूलाइ विभिन्न गतिविधी गर्न तथा तिनको स्वयम्ले नै व्यवस्थापन गर्न सक्षम हुने छन्। |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | निष्कर्ष |
|---|---|---|---|---|
| २० | सेवामुलक कार्यक्रम | विद्यार्थीहरूको मनमा सेवाभाव जगाउनु | विभिन्न आश्रम, सेवा केन्द्र तथा छात्रवासहरूमा लगी त्यहाँ रहेकाहरूलाइ आफूले सकेजति सहयोग गर्न लगाउने, त्यसपछीको अनुभव लेख्न लगाउने | दृष्टिविहीन बालबालिकामा परोपकार तथा सहयोगी भावनाको विकास हुने छ। |
| २१. | Physiotherapy/ massage तालिम | बालबालिकाहरूलाइ सामान्य फिजियो थेरापि तथा मसाज सम्बन्धी ज्ञान दिनु | दृष्टिविहीन बालबालिकाहरूलाइ मसाज तथा फिजियो थेरापिको बारेमा अभिमुखिकरण गराउने, उनिहरूलाइ शरिरका विभिन्न अङ्गहरू, नशाहरूको बारेमा जानकारी गराउने, हातको प्रयोग गरि सामान्य मसाज तथा फिजियो थेरापी गर्न सिकाउने | बालबालिकाहरू आफूलाइ आवश्यक परेको खण्डमा मसाज गरि स्वस्थ हुन सक्षम हुनुका साथसाथै भविश्यमा यसैलाइ जिवनोपयोगी सीपको रूपमा विकास गर्न समेत सक्षम हुने छन्। |
| २२. | सन्चार सीपको विकास | उपयोगी सन्चारका सीपहरूको विकास गराउनु | औपचारिक सन्चारका सीपहरू, वाकवकला, सहि सन्चार, तर्कपुर्ण प्रस्तुती, शब्दचयन आदिको बारेमा सिकाउने, अनौपचारिक सन्चार, शारिरिक हाउभाउ, बडि ल्याग्वेज, मुहारको अवस्था आदिको बारेमा जानकारी गराउने, लक्षित व्यक्ती या समुहसँग केन्द्रित भइ कुराकानी गर्न सिकाउने, कुराकानिको क्रममा हातखुट्टाको चाल, हाउभाउ आदिको बारेमा ज्ञान दिने, टेलिफोन गर्दा या लेख्दा अपनाउनुपर्ने सजकताको बारेमा जानकारी गराउने, प्रयोगात्मक कक्षा सन्चालन गर्ने। | उपयोगी तथा सफल सन्चार गर्न सफल हुने छन्। |
| २३ | विपद पूर्वतयारी DIDRL | विपतको समयमा जोखिमबाट बँच्न सक्षम बनाउनु | विपतका बारेमा जानकारी दिँदै कस्तो अवस्थामा कस्ता किसिमका कार्य गर्नुपर्छ भन्ने योजना बनाउन लगाउने, विभिन्न अत्यावश्यक सामाग्रीसहिदको विपत प्रतिकार्यसम्बन्धी झोला तयार पार्न लगाउने, विपतको समयमा आफू जोगिइ अरुलाइ पनि सहयोग गर्न मनोवैज्ञानिक तयार गराउने। | यसले विपतको समयमा दृष्टिविहीन बालबालिकाहरूलाइ आफ्नो सुरक्षा गर्न सहयोग पुर्याउने छ। |

**अपाङ्गताको क्षेत्रः बौद्धिक अपाङ्गता**

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया |
|---|---|---|---|
| १ | सियो धागो | ध्यान एकिकृत गराउने | प्रयोग |
| २ | माला उन्ने | व्यवसाइक बनाउने | विद्यार्थि केन्द्रित प्रयोगात्मक |
| ३ | गिलास र कचौरा समाएर उठाउने | राम्रो सङ्ग गिलास र कचौरा हातले समाएर उठाउन सक्ने बनाउने | प्रयोगात्मक |
| ४ | कपडा तथा जुत्ता चप्पल लगाउने | आफ्ना कपडा आफै लगाउनसक्ने बनाउने | प्रयोगात्मक |
| ५ | बस्तु चिन्ने | आन्तरिक क्षमताको विकास | देखाउने, छाम्ने र भन्न लगाउने |
| ६ | चित्र पहिचान | सम्झने र चिन्नसक्ने क्षमताको विकास | प्रदर्शन तथा स्पर्ष |
| ७ | चम्चा दौड | शारीरिक तथा मानसिक सीपको विकास | सुनाइ वोलाइ |
| ८ | गायन, नाटक र नृत्य | प्रतिभा प्रष्फुटन | गायन नाटक र नृत्य । |
| ९ | संगीत | संगीत कर्मी वन्नसक्ने | सांगीतिक |
| १० | कुर्चि घुमाइ | सारीरिक तथा मानसिक सीपको विकास | सुनाइ संकेत र वोलाइ |
| ११ | चित्रकला | आन्तरिक सीपको विकास | चित्रलेखन |
| १२ | हिज्जे | भाषिक क्षमताको विकास | प्रश्नोत्तर |
| १३ | वक्तृत्वकला | अभिव्यक्ति सीपको विकास | वाचन,प्रवचन |
| १४ | हाजिर जवाफ | वौद्धिक क्षमताको विकास | प्रश्नोत्तर |
| १५ | फुटवल, वास्केटवल चेस ,रनिङ, सटफुट | शारीरीक तथा वौद्धिक विकास | खेल |

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया |
|---|---|---|---|
| १६ | वाल पेन्टीङ,हेयर कटीङ,सिलाइ वुनाइ,फोटो फ्रेम,गुडीया निर्माण आदी | जिवन उपयोगी सीपको विकास | प्रयोगात्मक,छलफल र प्रदर्शन |
| १७ | प्रविधि मैत्री | आधुनिक सामानहरूको प्रयोग गर्न सक्ने | प्रगोगात्मक |

**अपाङ्गताको क्षेत्रः बहिरा**

| क्र. सं. | क्रियाकलाप | उद्देश्य | विधि तथा प्रक्रिया |
|---|---|---|---|
| १. | स्मृति खेल | स्मरण गर्ने बानिको विकास हुनेछ । | • बिद्यार्थीहरूले प्रयोग गर्ने विभन्न सामग्रीहरूलाई जम्मा बनाउने,<br>• यस खेलमा भाग लिने विद्यार्थीहरूलाई u आकारमा राख्ने<br>• तयार गरिएको सामग्रीहरू एक एक गरी विद्यार्थीलाई देखाउने र बास्केटमा नदेखिने गरी राख्ने<br>• अघि देखाइएका सामग्रीहरूको नाम संझेर लेख्न लगाउने ,<br>• अधिकतम सामग्रीहरूको नाम लेख्ने बिद्यार्थिलाई पुरस्कृत गर्ने । |
| २. | चित्र पहिचान | विभिन्न क्षेत्रका प्रशिद्ध व्यक्तित्वहरू र ठाउँहरू वारे जानकारी प्राप्त गर्न सक्नेछन् । | • प्रशिद्ध व्यक्तित तथा ठाउँहरूका फोटोहरू संकलन गर्ने<br>• बिद्यार्थीहरूलाई सदन अनुसार समुह बनाउने,<br>• गोलाबाट १ .४ नं,३,२,छान्न लगाउने र सोहि नंअनुसार पालो न .िर्धारण गर्ने ।<br>• कुनै एउटा फोटोलाई अगाडि शिक्षकले देखाउने ,<br>• समुह नेताले शुद्ध संकेत र<br>    ○ हिज्जे गरेमा नम्बर प्रदान गर्ने<br>    ○ यदि नमिलेमा अर्को समुहलाई पालो दिने,<br>• अधिकतम नम्बर ल्याउने समुहलाई बिजयी घोषणा गर्ने र पुरस्कृत गर्ने । |
| ३. | हस्तकला (कपाल बाट्ने डोरी बनाउने) | सीप विकास हुनेछ । | • इच्छुक विद्यार्थीहरूलाई एक u आकारमा राख्ने ,<br>• कपाल बाट्ने डोरी बनाउने विधि सिकाउने,<br>• राम्रो संग विद्यार्थीहरूले जाने पछि समुहगत रुपमा प्रतिस्पर्धा गराउने । |

| क्र. सं. | क्रियाकलाप | उद्देश्य | विधि तथा प्रक्रिया |
|---|---|---|---|
| ४. | हाइकिङ | शारीरिक,<br>मानसिक<br>तथा<br>सामाजिक<br>विकास हुनेछ । | • विद्यार्थीहरूलाई कक्षागत रुपमा कुनै एउटा प्रशिद्ध स्थलमा लैजानको लागि तयार गर्ने,<br>• विद्यार्थीहरूलाई पानी,छाता केहि खाने कुरा बोक्न लगाउने ,<br>• विद्यार्थीहरूलाई लाइनमा राखी हिडाउँदै लैजाने ,<br>• लक्षीत स्थलमा पुगे पछि त्यस ठाउँको बारेमा शिक्षकले भन्ने |
| ५. | कुकिङ | सीप विकास गर्ने, | • कक्षागत रुपमा क्यान्टिनमा लगि विभिन्न परिकारहरू पकाउन सिकाउने ,समोसा : जस्तै ,दुनोट खिर आदि । , पकौडा , |

प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यार्थीका लागि सञ्चालन गर्न सकिने क्रियाकालपहरुः

प्राविधिक विषयको हकमा केही नमूना क्रियाकलाप मात्र समावेश गरिएको ।

**विषयः पशुपालन**

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि /प्रकृया | निष्कर्ष |
|---|---|---|---|---|
| १. | पशुपालन | सम्बन्धित विषयमा ज्ञान,सीप हासिल गरी जीविकोपार्जन तथा आयआर्जनमा टेवा पुर्याउने । | पशुपन्छी पालनपोषण,हेरचाह गर्ने तरिका सिकाउन विद्यालय र नजिकको कृषि फर्ममा लगेर अभ्यास गराउने | पशुपन्छीको पालन पोषण, हेरचाह, देखिने समस्या तथा समाधानका विषयमा जानकार हुने । |
| २. | पशुपन्छी बाट प्राप्त गर्न सकिने कच्चा पदार्थ तथा उत्पादनहरू बारे धारण विकास गर्ने | पशुपन्छीबाट उत्पादन हुने पदार्थ, प्रशोधन तथा बजारीकरण को बारेमा जानकारी गराउने । | विभिन्न उद्योगहरूको भ्रमण गराउने र वस्तु उत्पादनको अभ्यास गराउने | स्थानीयस्तरमा प्राप्त हुने कच्चापदार्थबाट सामग्री उत्पादन गर्न सकिन्छ भन्ने धारणा विकास हुने । |
| ४ | पशु पक्षिको व्यवहार तथा उपयोगिता पहिचान | पशुपन्छीको बानी ,व्यवहार तथा प्रयोगको बारेमा जानकारी दिने । | आफ्नो घर छरछिमेकमा भिडियो, फोटो, तथा विभिन्न चिडियाखानाको अवलोकन गराउने | पशुपन्छीको व्यवहार र मानिसलाई पर्ने प्रभावका विषयमा जानकार हुने । |
| ५ | पशुपन्छीको पहिचान | घर पालुवा जनावरहरू को पहिचान , आवाज चिन्ने | आफ्नो घर छरछिमेकमा कृषि फर्महरूको अवलोकन गराएर, भिडियो , फोटो , देखाएर | घरपालुवा र जङ्गली जनावरको पहिचान र आवाज चिन्ने क्षमताको विकास हुने । |

## विषयः बाली विज्ञान

| क्रस | क्रियाकलाप | उद्देश्य | विधी | निष्कर्ष |
|---|---|---|---|---|
| १ | विभिन्न बालिनालिका बिउविजन, बोट तथा फलहरूको पहिचान गर्ने। | हाम्रो घरवरपर रहेका विभिन्न बालिनालिका विउविजन तथा बोटहरूको पहिचान गर्न सक्ने र तिनमा लागेको फलको पनि राम्रो संग पहिचान गर्न सक्ने हुने। | विभिन्न बालिका बिउविजनहरू खरिद गरि विद्यालयमा लगाउने र त्यसबाट निस्कने बोट तथा फल को पहिचान गर्न लगाउने। साथै विद्यार्थीहरूलाई उक्त बालि कस्तो प्रकारको बालि हो त्यस बारेमा जानकारी गराउने। | यस अभ्यासले कक्षा १ देखि ३ सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई आफुले प्रयोग गर्ने विभिन्न बालिनालिका बिउविजन तथा बोटबिरुवाहरू र त्यसको फललाई पहिचान गर्न सक्नेछन्। |
| २ | बगैचा निर्माण, रेखदेख, गोडमेल तथा सिंचाई गर्ने । | विद्यार्थी भाईबैनिहरूले आफ्नो घर तथा विद्यालयको बगैचाको रेखदेख गोडमेल तथा सिंचाई गरि मनोरम हरियालि वातावरण सृजना गर्न सक्नेछन्। | विद्यालयमा बगैचाको स्थापना गरि त्यसको रेखदेख गोडमेल तथा सिंचाई गर्न विद्यार्थी भाईबैनिहरूलाई जिम्मा दिने साथै वरपर भएका राम्रा राम्रा फुलका बोट प्रसारण गरि आफ्नो घर वरपर र विद्यालयमा लगाउन लगाउने। | यो अभ्यासबाट विद्यार्थीहरूले घर वरपर सफा सुघ्घर राख्ने बानिको विकास गर्दछ साथै घर तथा विद्यालयमा बगैचा निर्माण गर्नाले वातावरण पनि सुन्दर हुने र आफुले रेखदेख गर्ने बानिको विकास गराउन महत्वपुर्ण भुमिका निर्वाह गर्दछ। |

| क्रस | क्रियाकलाप | उद्देश्य | विधी | निष्कर्ष |
|---|---|---|---|---|
| ३ | विभिन्न तरकारी तथा फलहरूको नर्सरी स्थापना गरि बेर्ना उत्पादन तथा विक्रि वितरण गर्ने | विद्यार्थीहरूले आफुले नै नर्सरी स्थापना गरि बेर्ना उत्पादन गर्न सक्नेछन्। साथै उत्पादित बेर्ना विक्रि वितरण गरि आर्फैले आम्दानी गर्ने वातावरण सृजना हुनेछ जसले गर्दा विद्यार्थीहरूले कृषी पेशा तर्फ आकर्षण बढाउने छ। | विभिन्न बिलिनालि तथा फलहरूको बिउविजन उपलब्ध गराई नर्सरी स्थापना गर्ने र त्यहाँबाट उत्पादन भएका बिरुवाहरू नजिकैको बजारमा विक्रिवितरण गर्ने। | यस अभ्यासबाट विद्यार्थीहरूले आफैले विभिन्न बालिबिरुवाका बेर्ना उत्पादन गर्न सक्नेछन साथै त्यस विरुवा बेचेबापत प्राप्त रकमले विद्यार्थीहरूलाई उर्जा प्रदान गर्नेछ र कृषि पेशामा मोह बढ्नेछ। |
| ४ | माछा पालन, मौरी पालन, तथा च्याउ खेतीमा दक्ष जनशक्ती उत्पादन गर्ने। | यस अभ्यासबाट कक्षा ९ देखि १२ कक्षा का विद्यार्थीहरूले विभिन्न जातका माछा पालन मौरी पालन र च्याउ खेति गर्न सक्नेहुनेछन। | प्रत्येक विद्यालयमा १ माछा पोखरी निर्माण गर्ने, ४/५ घार मौरी खरिद गरि पाल्ने र च्याउ गोठ निर्माण गरि विभिन्न थरिका च्याउ खेति गर्ने। | यस अभ्यासबाट विद्यार्थी हरूले कसरी माछापालन गर्ने्र, कसरी मौरी पालन गर्ने साथै च्याउ खेति गरि आफैले आम्दानी गर्ने बानिको विकास गर्नेछन। |

**विषयः कम्प्युटर ईञ्जिनियरिङ**

| क स | क्रियाकलापको नाम | उदेश्य | विधि तथा प्रक्रिया | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|
| १ | हार्डवेयर अस्सेम्ब्ल | कम्प्युटरका विभिन्न कोम्पोनेंट्सहरू जोड्न सिकाउने | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. पहिला सबै कोम्न्प्नेंट्सहरूको नाम र त्यसको कामको बारेमा जानकारी दिने<br>३. एक पटक बिज्ञले गरेर देखाउने<br>४. बिज्ञको निर्देशन अनुसार प्रत्येक समूहलाई जोड्न लगाउने | कम्प्युटरका विभिन्न कोम्पोनेंट्सहरूलाई उचित तरिकाले जोड्न |
| २ | AI Tools | AI tools का बारेमा जान्ने | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. कुनै विषय दिने र त्यस विषयको बारेमा AI को मदतले खोज्न लगाउने<br>३. सबै समूहलाई आफ्नो प्रस्तुत गर्न लगाउने<br>४. उत्कृस्ट समूहलाई पुरस्कृत गर्ने | AI ले के कस्ता काम गर्दो रैछ र यसलाई कसरि कमाण्ड दिने भन्ने जानकारी हुने |
| ३ | Design Tools (Photoshop, Figma) | कम्प्युटरमा विभिन्न डिजाइन सम्बन्धि ज्ञान दिने | १. विद्यार्थी संख्याको आधारमा ५/५ जनाको समूह बनाउने<br>२. कुनै डिजाइन सम्बन्धि सफट्वर्यरको पहिचान गर्ने<br>३. त्यस सफ्टवर्यरको विषय विज्ञलाई त्यस सम्बन्धि सिकाउन लगाउने<br>४. क्रमशः विद्यार्थीलाई कुनै परियोजना त्यस सम्बन्धि कार्य गर्न लगाउने । | डिजाइन सफ्टवर्यरको बारेमा जानकारी हुने |

**आज्ञाले**

**(केशव सुवेदी)**

**प्रमुख प्रशासकीय अधिकृत**